Jana Aakash National Weekly

www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ८ २०८१ साल भदौ २५ गते मंगलबार (Sep 10, 2024) www.janaakash.com.np



**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**


अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


## बागलुङका एक हजार तीन सय घर बिजुलीविहीन



**बागलुङ–** पहिरोले विद्युत् आयोजनाको नहर बगाएपछि निसीखोला गाउँपालिकाका एक हजार तीन सय १३ घरमा विद्युत् आपूर्ति बन्द भएको छ ।

निसीखोला गाउँपालिका-४ जैथुम्कामा रहेको एक सय २० किलोवाट क्षमताको निसीखोला दोस्रो जलविद्युत् आयोजनाको ३५ मिटर नहर पहिरोले बगाएपछि तीन दिनदेखि बिजुली उत्पादन बन्द भएको हो ।

आयोजनाबाट उत्पादन बन्द भएसँगै सो बोहोरागाउँ, थापागाउँ, झिवाखोला, छापाखानी, धाराखर्क, ढुवाँखोर, ओखेनी, जिरी, झिम्पा, बडाचौरलगायत ठाउँमा विद्युत् आपूर्ति बन्द भएको निसीखोला दोस्रो लघुजलविद्युत् आयोजनाका प्रबन्धक चिरञ्जीवी पौडेलले जानकारी दिए ।

निरन्तर वर्षासँगै खसेको पहिरोले आयोजनाको नहरमा ठूलो क्षति गरेको उनले बताए । पहिरोले बगाएको नहर निर्माणका लागि कम्तीमा २० दिन लाग्ने र सञ्चालनमा आउन एक महिना लाग्ने प्रबन्धक पौडेलले बताए ।

वर्षा निरन्तर भएको हुँदा काम सुरु गर्न नसकिएको उनले बताए। विद्युत् आयोजनाको मुहान नजिकै पहिरो खसेको हुँदा काम गर्न कठिन हुने उनले जानकारी दिए ।

# शहकारी ठगीमा कोको संलग्न, होला त कारवाही ?

■ मोहन कार्की

**काठमाडौं–** यतिवेला नेपालमा सहकारी ठगी प्रकरणमा संसद, पूर्वमन्त्री पार्टीका सभापति, उपसभापति, केन्द्रीय सदस्यहरु लगायत थुप्रै सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको नाम सार्वजनिक हुने क्रम जारी छ। भने कोहीको त आरोप लागेर संसदीय उच्च छानविन समितिम छानविन भईरहेको छ ।

जसमा सवैभन्दा बढी विवादित रास्वपाका सभापति तथा दुईपटक गृहमन्त्री समेत भएका रवि लामिछाने, नेपाली काँग्रेसका उपसभापति धनराज गुरुङ उच्च पदमा रहेका व्यक्तिहरुको नाम सार्वजनिक भएकाछन् । रवि लामिछानेलाई त दोस्रोपटक गृहमन्त्री हुनुभन्दा अगाडी नै सहकारी ठगीको आरोप लागेको थियो । उनको मुद्दा अहिले संसदीय उच्च छानविन समितिमा छानविनमा छ भने नेपाली काँग्रेसका उपसभापति धनराज गुरुङले पनि पोखराको एक सहकारीवाट ऋृण लिएको विषयमा चर्चा हुन थालेको छ । त्यसैगरी अन्य सांसदहरुको पनि नामहरु आउने क्रम जारी छ ।

नेपालमा धनीलाई चैन गरिवलाई ऐन भन्ने बोलको गीतनै नेपालका चर्चित हास्य व्याग्य कलाकार हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठले बनाएर प्रचार गरिसेकछन् । त्यस्तै चरितार्थ हुदै आएको छ । कुनै सामान्य नागरिकले अञ्जानमा गल्ती गरयो भने पनि कानूनले उसलाई माफी दिदैन । कानूनको भाषामा माफी भन्नै हुदैन। तर उच्च पदमा रहेका व्यक्तिहरुले गरेको गल्ती प्रमाण पुग्दा समेत कारवाहीको दायरामा ल्याउने काम बिलम्ब भएको उदारण धेरैछन् । त्यसकारण यतिवेला आरोपित उच्च पदस्थमा आशिन व्याक्तिहरुलाई कारवाही गरेर सामान्य नागरिकहरुले सहकारीहरुमा बचत गरेको रकम पीडितहरुलाई सरकारले फिर्ता गराउला भन्ने कुरामा जनताले विश्वास गरेका छैनन् ।

केही महिना अगाडी मात्र बनेको सकारले गरिव निमुखा जनताले खाई नखाई जो गरेर सहकारीहरुमा राखेको रकम उच्च पदस्थ पदमा रहेका व्यक्तिहरुले अपचलन गरी गरेको गल्तीलाई सजाय गराउन सक्छकि सक्दैन त्यो हेर्न बाँकी छ ।

जनताको पक्षमा काम गर्न बनेको सरकार हो भने कुनै दोषि नफसोस, कुनैपनि अपराध कर्ममा लागेको दोषि नछुटोस भन्ने नेपाली जनताको जनमत रहेको छ ।

## कर्मचारीको तलब २५ पैसा पनि बढाउन सक्ने स्थिति छैन : प्रधानमन्त्री ओली



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो चाहना हुँदाहुँदै कर्मचारीको तलब बढाउन नसकेको बताएका छन् ।

कर्मचारीको तलब २५ प्रतिशत वृद्धि गरिदिने चाहना रहेको तर देशको अर्थतन्त्र कमजोर भएकाले नसकेको उनले बताए । 'म त अलिकति पैसो भयो भने एकैचौटी २५ प्रतिशत तनखा वृद्धि गरिदिने मान्छे हो, ' अहिले त यस्तो स्थिति छ कि २५ प्रतिशत होइन, २५ पैसा पनि वृद्धि गर्न सकिने अवस्था छैन', निजामती सेवा दिवसमा आयोजित कार्यक्रममा उनले भने ।

अहिले निजामती कर्मचारीले मन दह्रो बनाएर बस्नुपर्ने प्रधानमन्त्री ओलीले बताए । 'कठिनाइहरुको सामना गरेर देशलाई अगाडि बढाऔं, अर्थतन्त्र अगाडि बढ्यो भने हाम्रो सुविधा पनि बढ्छ', उनले भने ।

## खाली कन्टेनरले वीरगञ्ज सुक्खा बन्दरगाह सञ्चालनमा समस्या

**काठमाडौं–** कोरोनाकालदेखि थुप्रिएका खाली कन्टेनरका कारण वीरगञ्ज सुक्खा बन्दरगाह सञ्चालनमा समस्या आएको छ ।

थुप्रिएका कन्टेनरमध्ये अधिकांश कन्टेनर कर्पोरेसन अफ इन्डिया लिमिटेडका रहेको नेपाल इन्टरमोडल यातायात विकास समितिले जानकारी गराएको छ । समितिले यी कन्टेनर फिर्ता लगेर बन्दरगाह व्यवस्थापनमा सहयोग गर्न भारतीय पक्षसँग आग्रह गरेको छ ।

सोमबार समिति र लिमिटेडका अधिकारीहरूबीचमा वीरगञ्ज सुक्खा बन्दरगाह व्यवस्थित रूपमा कार्गो रेल सञ्चालन गर्ने सम्बन्धमा छलफल भएको थियो । सो अवसरमा समितिका तर्फबाट रित्ता कन्टेनर फिर्ता लैजान र बन्दरगाह व्यवस्थित गर्न आग्रह गरिएको हो ।


समितिका कार्यकारी निर्देशक आशिष गजुरेलका अनुसार कोरोना महामारीको समयमा रेलमा कार्गो भरिएर आउने तर रित्ता कन्टेनर नलैजाने गर्दा धेरै कन्टेनर बन्दरगाहमा थुप्रिएका थिए। कुनै समय १८/१९ सय कन्टेनर थुप्रिएकोमा अहिले रित्ता कन्टेनरको संख्या ११ सय २० वटा रहेको छ। जसमध्ये लिमिटेडका मात्र ५५१ वटा छन्।




वीरगञ्ज सुक्खा बन्दरगाहमा ७ सय वटासम्म रित्ता कन्टेनर भने राख्ने गरिएको छ। यसो गर्दा कार्गो रेलले ल्याएका भरिभराउ कन्टेनर बन्दरगाहमा छाडी रित्ता कन्टेनर रेलमा पठाउने गरिन्छ। यसो गर्दा माल-सामान अनलोडमा लाग्ने समय कम भई काम छिटो हुन्छ ।

तर, आवश्यकताभन्दा दोब्बर कन्टेनर भरिँदा व्यवस्थापनमा समस्या भएको समितिले जनाएको छ । कन्टेनर फिर्ता लगेर सुख्खा बन्दरगाहमा कार्गो ह्यान्डलिङ सहज र व्यवस्थित गर्ने विषयमा समिति र लिमिटेडबीच सहमति भएको समेत समितिले जनाएको छ ।

वीरगञ्जमा रहेका दुई बन्दरगाहमध्ये सुक्खा बन्दरगाहमा कार्गो रेलमार्फत मालसामान ल्याउने गरिन्छ । एकीकृत जाँच चौकीबाट भने मालबाहक सवारीसाधन मार्फत सामान आउने गर्छ ।



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन। सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ। मोहन कार्की

## सम्पादकीय – – – –

# जनताको सरकार हो की बिचौलियाको ?

यतिवेला नेपालका बिचौलियाहरु सलबलाएका छन् । जतातत‍ै गरिखानेहरु भन्दा ठगिखानेहरुको बोलवाला छ । कुनैपनि काम गर्नलाई बिचौलिया प्रयोग नगरेसम्म काम हुन सक्ने अवस्था छैन । हुनत नेपालमा काम भनेको नै ट्रेडिङ बिजनेस हो नेपालमा उद्योग कलकारखाना गणना गर्न लायक कुनै छैनन् भएका नीजिकरण गरेर सकिसकेका छन् ।

भएका सरकारी कार्यालयले गर्ने केही केही कामहरु हुने गर्दछन् । त्यो काम पार्टीगत खोल ओडेर पार्टीकै आस्था राख्ने कर्मचारी जहा जहा छन् । त्यही लाइन मिलाएर काम गर्ने प्रवृति बढ्दो छ । अहिले सवैभन्दा धेरै कार्यकर्ता भएको नेकपा एमाले र नेपाली काँग्रेसको मिलीभगतमा सरकार बनेको छ । यहि पार्टीका छदम् भेषमा हुने गरेका बिचौलियाकारीहरु यतिवेला सक्रिय रुपमा सलवलाएका छन् ।

कुनैपनि स्वतन्त्र रुपमा नेपाली नागरिकले कुनै पनि काम गर्न पाउने अवस्था छैन । पाई हालेपनि चौतर्फी दवाव, प्रभावमा निरुत्साहित गर्ने काम यि नेकपा एमाले, नेपाली काँग्रेस नामका खोल ओडेका सेन्डिकेटधारीहरुले कतैपनि छिर्न नदिने गर्ने गरेका छन् । विगतमा सरकारको नेतृत्व नै नहुदा समेत यस्ता काम गर्दै आएका थिए । अहिले त जसको हात जगनाथ भनेझै सरकारमा हरेको वेला उस्तै परे स्वतन्त्र व्यवसायीले कतै सानो तिनो काम प्राप्त गरेको थाहा पाएमा उसको भौतिक शरीर माथिनै आक्रमण गर्नेसम्मका काम हुन बेर लगाउने छैनन् । विगत हेर्दा पनि त्यस्तै हुने गरेको छ ।

नेपाली काँग्रेस, एमाले पार्टीको नेतृत्व सरकारमा भएको वेलामा विगतमा टोले गुण्डाहरु नै परिचालन गरेर नेपाली समाजलाई आताङकीत पारेको घटना आज पनि ताजै छ । चितवनमा ठेक्का हत्याउने नाममा गुन्डागर्दीको साहारा लिएका दुई समूह जेलमा समेत आक्रमण गरी शिव पौडेललाई हत्या गरेको उदारण छ । यो भन्दा अर्को प्रमाण अरु के चाहिन्छ ।

त्यो समय र यो त्यस्तै नहुन सक्छ तरिकाहरु फेरिएका होलान् बिचौलिया फेरिएका छैनन् । अवस्था उस्तै छ । गरिखाने युवाहरु निरास बोकेर विदेशिन बाध्य छन् । राजनीतिक दलका कार्यकर्ता बिचौलिया बनेर विदेशी कार्टेलिङ गर्नेहरुलाई सघाई रहेका छन् । त्यसैले यो सरकार जनताको सरकार होकी बिचौलियाको छुट्याउने काम जनताको ।

# तपाईँले चिन्नुपर्ने व्यक्ति तपाईँभित्र छन्



"यो समय तपाईँको हो । यसर्थ हामीले गर्नुपर्ने कुरालाई यसै समयमा गर्नुपर्छ, अहिले नै गर्नुपर्छ, त्यसपछि होइन । तपाईँले चिन्नुपर्ने व्यक्ति तपाईँभित्र छन्, तपाईँसँगै छन् । तपाईँमा कुनै कमी नै छैन । मात्रै बत्ती बाल्नु आवश्यक छ । यदि तपाईँले बत्ती बाल्नुभयो भने तपाईँले सत्य चीजलाई देख्न सक्नुहुनेछ र त्यो अत्यन्तै सुन्दर छ ।"

**प्रेम रावत**

यो संसारमा सृष्टिकर्ताका बारेमा थुप्रै परिभाषा छन् । एउटा परिभाषानुसार अलख निरञ्जन- उनी थिए, छन् अनि रहनेछन् । तपाईँ हुनुहुन्नथ्यो, हुनुहुन्छ र रहनुहुनेछैन । तथापि, एउटा समय छ । यहाँ तपाईँ हुनुहुन्छ र उनी पनि छन् अनि यो समय तपाईँको हो । यसर्थ हामीले गर्नुपर्ने कुरालाई यसै समयमा गर्नुपर्छ, अहिले नै गर्नुपर्छ, त्यसपछि होइन । तपाईँले चिन्नुपर्ने व्यक्ति तपाईँभित्र छन्, तपाईँसँगै छन् । तपाईँमा कुनै कमी नै छैन । मात्रै बत्ती बाल्नु आवश्यक छ ।

यदि तपाईँले बत्ती बाल्नुभयो भने तपाईँले सत्य चीजलाई देख्न सक्नुहुनेछ र त्यो अत्यन्तै सुन्दर छ । मानिसलाई म भाग्यशाली छैन भन्ने लाग्छ । तपाईँभित्र यो श्वास आइरह्यो र गइरह्यो भने, यसको आवागमन भएसम्म तपाईँले जान्न सक्नुहुन्छ । तपाईँमा जान्ने क्षमता भएर पनि तपाईँले आफ्नो जीवनमा के कुरा जान्ने कोशिश गर्नुभयो !

एउटा समयको कुरा हो । एकजना व्यक्ति राजाको दरबारमा नोकरी माग्न भनेर गए । राजाले पनि उनलाई जागिर दिए । उनी राजाको एकदमै सेवा गर्ने गर्थे । राजालाई पनि उनी अत्यन्तै प्रिय लाग्थे । राजाले उनको काम र उनको इमानदारितालाई देखेपछि उनलाई आफ्नो राज्यको सेनापति बनाए । यसपश्चात् दरबारका अन्य व्यक्तिहरूले चाहिँ उनको ईर्ष्या गर्न थाले । उनीहरू तिनलाई सेनापति पदबाट हटाउने दाउमा लागे । मानिसहरूले उनलाई राजाका अघि कमजोर साबित गर्ने उपायको खोजीमा जासुसी गर्न थाले । मानिसहरूलाई के थाहा भयो भने, ती सेनापति त दरबारको कार्य समाप्त भएपछि हरेक दिन एउटा सुनसान स्थानमा रहेको एउटा कोठामा गएर घण्टौँसम्म बस्ने गर्दा रहेछन् ।

यो कुरा देखेपछि मानिसहरूलाई राजासमक्ष यो सन्देश पुऱ्याउनुपर्छ भन्ने लाग्यो । राजाले यो कुरा सुने भने तिनलाई नोकरीबाट निकाल्छन् भन्ने थियो । मानिसहरूले राजाका अघि गएर उजुरी गरे, 'महाराज, सेनापति त हरेक दिन दरबार समाप्त हुनासाथ एउटा सुनसान स्थानमा जान्छन् अनि कोठामा गएर घण्टौँ बिताउँछन् । त्यहाँ त्यत्रो समय के गर्छन् ? थाहा छैन ।'

राजामा पनि बिस्तारै-बिस्तारै केही न केही त खराबी हुनुपर्छ भन्ने शङ्का बढ्न थाल्यो । एकदिन राजाले सत्य कुरा पत्ता लगाउनुपऱ्यो भन्ने सोचे । उनी ती सेनापतिको पछि लागे अनि साँच्चै सेनापति त एउटा सुनसान स्थानमा रहेको कोठाभित्र पसेको घण्टौँपछि मात्रै बाहिर आएको देखे । दोस्रो दिन पनि राजाले उनलाई पछ्याए । यसपटक उनी कोठामा पस्नासाथ राजाले उनको ढोका ढकढक्याए । उनले ढोका खोले तर राजालाई त्यहाँ देखेर अचम्मित भए । उनले भने, 'महाराज, तपाईँ यहाँ के गरिरहनुभएको छ ? यो स्थान हजुरका लागि उपयुक्त छैन ।'

राजाले भने, 'म यहाँ तिमीले के गरिरहेका छौ भनेर हेर्न चाहन्छु ।' राजा भित्र गए र कोठाभित्र एउटा ठूलो बाकस राखेको देखे । राजालाई यसले चोरी गरेको सामान यो बाकसमा राख्ने रहेछ भन्ने शङ्का भयो । राजाले भने, 'यो बाकस खोलेर देखाऊ ।'

सेनापतिले भने, 'महाराज, यो बाकसमा हजुरले हेर्नलायक कुनै चीज नै छैन ।' अब त राजाको शङ्का झनै बढ्यो । उनले कड्किएर भने, 'यो बाकस खोल ।' सेनापतिले बाकस खोलिदिए । बाकसमा पुरानो मैलो कपडा देखेर राजाले सोधे, 'यो के हो ?'

किनभने, राजाले त त्यो बाकसमा सुन-चाँदीजन्य कुनै त्यस्तै चीज छ होला भन्ने सोचेका थिए । त्यहाँ त थोत्रो-पुरानो मैलो कपडा राखिएको थियो । त्यसपछि सेनापतिले भने, 'महाराज, जब म हजुरको दरबारमा आएको थिएँ नि त्यतिखेर मैले यही कपडा लगाएर आएको थिएँ । म हरेक दिन यो कपडा लगाउँछु अनि 'म को हुँ' भनेर आफ्नो पुरानो अवस्थालाई स्मरण गर्छु । यदि तपाईँको दया भएन भने, कृपा भएन भने त मेरो हालत यस्तै हुन्छ होला, किनभने यथार्थमा मेरो हैसियत यही हो । मसँग हजुरले पुऱ्याइदिनुभएको स्थानसम्मको हैसियत छैन । त्यो तपाईँकै दया हो, तपाईँकै कृपा हो । मलाई सधैँ तपाईँको कृपा र दयाको पात्र बनिरहने अपेक्षा छ । यस कुरालाई स्मरण गर्ने उद्देश्यले म यो कोठामा आउने गर्छु ।' सेनापतिको कुरा सुनेर राजाका आँखामा खुशीका आँसु बग्न थाले । खुशीले गद्गद् भएर उनले भने, 'अब म तिमीलाई आफ्नो देशको मन्त्री बनाउने घोषणा गर्दछु।'

सानो कुरा हो । बत्ती बाल्नुहोस् । म बत्ती बाल्नेवालामध्येकै हुँ । यो पाठ गर्नुहोस्, त्यो गर्नुहोस्, यो गर्नुहोस्, त्यहाँ जानुहोस् । अहँ। तपाईँमा भएका समस्याहरू किन छन् भने, तपाईँले आफूले के पाएको छु भनेर देख्नै सकिरहनुभएको छैन । यो शब्दमा अल्झिने कुरा होइन । अनुभवको कुरा हो । हृदयको कुरा हो । तपाईँ त सारा सृष्टिलाई, सृष्टिकर्तालाई, उनको प्रकृतिलाई, सबैलाई आफ्नो दिमागी सोचको आँखाले हेर्नुहुन्छ । कहिल्यै हृदयको आँखाले केही हेर्ने कोशिश गर्नुभएको छ ! तपाईँ आफ्नो जीवनमा तपाईँभित्र भएको चीजलाई प्राप्त गर्नुहोस् । किनभने, यसो नभएसम्म तपाईँको वास्तविक कल्याण हुँदैन र तपाईँले सबै कुरा प्राप्त गरेर पनि केही भएको छैन भन्ने सोचिरहनुहुनेछ ।

सृष्टिकर्ता सबै स्थानमा छन् । यसको अर्थ तपाईँभित्र पनि छन् । तपाईँ बस्नुहुने ठेगानामा पनि उनी छन् । अनि, तपाईँ त्यस ठेगानामा नहुनुभएको समयमा पनि उनी तपाईँसँगै रहनेछन् । तपाईँ जानुभएको स्थानमा उनी तपाईँसँगै जानेछन् । तपाईँ क्रोधित हुँदा पनि उनी तपाईँकै साथमा हुन्छन् । तपाईँ रोइरहनुभएको समयमा पनि उनी तपाईँसँगै हुन्छन् । तपाईँ हाँस्नुभएको समयमा पनि उनी तपाईँकै साथमा हुन्छन् । तपाईँलाई जतिसुकै धेरै दुःख भए पनि उनी तपाईँसँगै हुन्छन् ।

तपाईँले आफूलाई ऐनामा हेर्दा कुन कुरालाई हेर्नुहुन्छ ! यथार्थमा भन्ने हो भने के खराबी छ भनेर हेर्नुहुन्छ । अबचाहिँ तपाईँले आफूले आफूलाई ऐनामा हेरिरहँदा खराबी के छ भनेर नहेर्नुहोला । के हेर्नुहोस् भने, 'यो म हुँ'- जसले पुतलीलाई बनाए, बादल बनाए, ताराहरू बनाए, सूर्यलाई बनाए, जसले नदी, पक्षी, फूललाई बनाए र उनैले यसलाई पनि बनाए । अनि, यो कुरा मैले तपाईँलाई घमण्ड गर्ने अभिप्रायमा भनिरहेको छैन, बरु तपाईँले आफ्नो हृदयमा आभार व्यक्त गर्न सक्नुहोस् भन्ने उद्देश्यले भनिरहेको छु । तपाईँले यो जीवनका लागि धन्यवाद प्रकट गर्न सक्नुहोस् ।

आनन्दको कुरा केवल आनन्दको कुरा हो । यसर्थ आनन्द लिनुहोस् । आफ्नो जीवनमा ती सृष्टिकर्ताको आनन्द लिनुहोस् । तपाईँ दुःखी भएका समयमा पनि तपाईँको लक्ष्य आनन्द लिनु हो भन्ने कुरालाई याद गर्नुहोस् । तपाईँ आनन्दबाट कहिल्यै पनि विमुख नहुनुहोस् । त्यो सदा तपाईँसँगै हुन्छ ।

हाम्रो जीवनमा सुख पनि हुन्छ अनि दुःख पनि हुन्छ । सुखमा हामी सुखको अनुभव गर्न सकौँ भनेर कोशिश गर्छौँ । दुःख भएमा त्यसबाट व्याकुल भएर त्यो दुःखबाट कसरी निस्कने भनेर सोच्छौँ ! कतिपय अवस्थामा त हामीले 'म को हुँ ! म के हुँ !' भन्ने कुरै बिर्सन्छौँ ।

एउटा वास्तविकता यो संसारको राम्रो कुराभन्दा पर छ अनि नराम्रो कुराभन्दा पनि टाढा छ । त्यो यथार्थ सबैको हृदयमा अवस्थित छ । मानिसले हेर्ने कुरा के हो भने, 'मसँग के भएको छ, मैले के हासिल गरेको छु ! के हराएको छु, के पाएको छु !' तथापि, सृष्टिकर्ताले के दिएका छन् भन्ने कुरालाई चाहिँ हेर्दैनौँ । सृष्टिकर्ताले उसभित्र के राखेका छन् ? हरेक मानिसभित्र एउटा विशेषता हुन्छ अनि मेरो काम के हो भने कुनै पनि तरिकाले त्यस विशेषतालाई अघि ल्याउन सकूँ । त्यो विशेषता वास्तविक सुन्दरताको विशेषता हो । त्यो वास्तविक मानवतासँग सम्बन्धित विशेषता हो । त्यो साँचो मानवता सबैको हृदयमा विराजमान छ । त्यो चीज यो संसारमा होइन, चाहे जो भए पनि, जहाँसुकैको भए पनि हरेक व्यक्तिमा अर्थात् सबैमा विराजमान हुन्छ । सृष्टिकर्ताले सबैलाई यस्तो विशेषता, यस्तो प्रेम दिएका छन् । तपाईँ आफ्नो अनुहारलाई हेर्न सक्नुहुन्न तर अर्को व्यक्तिको अनुहारलाई हेर्न सक्नुहुन्छ । तर, यदि तपाईँले आफ्नो अनुहार हेर्न चाहनुभयो भने तपाईँलाई ऐनाको आवश्यकता पर्छ । यसरी नै हामीलाई पनि ज्ञानरूपी ऐनाको खाँचो छ । त्यसमा हामीले त्यस चीजको प्रतीकलाई साक्षात् रूपमा हेर्न सक्छौँ, जो हाम्रै हृदयमा विराजमान छन् ।

मानिसले हरेक चीजलाई विचारका माध्यमबाट बुझ्ने कोशिश गर्छ तर भोक लागेमा विचारको रोटीले काम गर्दैन । रोटी त आँटाको हुनुपऱ्यो तब मात्रै त्यसले भोक मेटिन्छ । कसैले म त खाली रोटीको वर्णन गर्नेछु अनि तपाईँको भोक मेटिनेछ भन्न पनि सक्छ तर त्यसले भोक मेटिँदैन । तिर्खा मेट्नका लागि पनि पानी चाहिन्छ । यसरी नै यो जीवनलाई सफल तुल्याउनका लागि ' अनुभव' चाहिन्छ । यो जीवनलाई सफल तुल्याउन 'वास्तविक शान्ति' चाहिन्छ । यो जीवनलाई सफल तुल्याउन सबैको हृदयमा व्याप्त स्वतन्त्रताको आवश्यकता पर्दछ । त्यो वास्तविक स्वतन्त्रता हो ! त्यस्तो स्वतन्त्रतालाई कसैले खोस्न सक्दैन । त्यो स्वतन्त्रतालाई कसैले हटाउन सक्दैन । त्यो ज्ञानलाई जस्तोसुकै अज्ञानले पनि हल्लाउन सक्दैन । यसर्थ म त के भन्छु भने, तपाईँलाई अत्यन्तै आवश्यक त्यो 'शान्ति' का बारेमा बुझ्नुहोस् । वास्तविक शान्ति त पहिलादेखि नै तपाईँभित्रै छ । यो संसारका रचनाकारले आफ्नो घर कहाँ बनाएका छन् ? उनले आफ्नो घर स्वयम् हामीभित्र बनाएका छन् ! सबैका हृदयभित्र । तर, के ती सृष्टिकर्ताले हामी सबैभित्र बनाएको त्यस घरमा पनि जानुभएको छ ! उनी दयालु छन् । उनको दयाको प्रतीक नै हरेक श्वास हो ! चाहे राम्रो या नराम्रो जस्तोसुकै दिन भए पनि श्वास आइरहन्छ र गइरहन्छ । यही नै ती सृष्टिकर्ताको कृपा हो । हरेक मानिसभित्र त्यो वास्तविक आनन्दलाई अनुभव गर्न सक्ने विशेषता रहेको छ ।

मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको सम्बोधन । संकलन एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल ।

# एकपछि आर्को गीत हिट बन्दै गायक सुमन बिटी चर्चाको शिखरमा



**काठमाडौं–** पछिल्लो समय नेपाली साङ्गीतिक बजारमा हिट गीत दिने गायकका रूपमा परिचित भएका सुमन बिटी गीत सङ्गीत क्षेत्रका एक उदाहरणीय व्यक्ति हुन् । उनले गाएका दर्जनौँ गीतहरू निकै लोकप्रिय बनेका छन् । उनका केही गीतले नेपाली साङ्गीतिक बजारमा इतिहास समेत रचेका छन् ।

उनको ओरिजिनल नाम सुमन बयलकोटी हो । तर गीत संगीतमा लागेपछि उनले बयलकोटी थरलाई छोट्यायर बिटी बनाए । अहिले सुमन बिटी नामबाट चिरपरिचित छन् ।

धादिङ जिल्ला गल्छि गाउँपालिका वडा नं.३ कल्लेरिमा माता तारा बयलकोटी र पिता सिताराम बयलकोटीको कोखबाट जन्मेका चर्चित गायक तथा सर्जक सुमन बिटी अहिलेका चर्चित एवं लोकप्रिय गायकको सूचिमा पर्दछन् । उनै गायकले गीत सङ्गीत क्षेत्रबाट आफूलाई मात्र चिनाएका छैनन् आफ्नो आवाजबाट धादिङ जिल्लालाई नै चिनाएका छन् अझै पनि गायक सुमन बिटी भन्ने बितिकै दर्शकले धादिङ जिल्लाको सुमन बिटी हो भन्ने बुझ्छन् । आफ्नो ठाउँ जिल्लालाई मात्र नभएर सुमन बिटी नामले सिङ्गो देशलाई नै चिरपरिचित बनाएकाछन् । यो नै उनको जीवनको ठुलो सफलता हो ।

विगत लामो समयदेखि गीत सङ्गीत क्षेत्रमा लागेका सुमन बिटीको पहिलो गीत "रातो डोरी सिरैमा तिमी र जाम माया" थियो । सोही गीत करोड क्लबमा समेत पुग्न सफल भयो । उनको यो गीतले छोटो समयमै व्यापक चर्चा पायो, गीत जतातत्तै गुन्जिन थाल्यो र सुमन बिटी भनेर दर्शकले चिन्न थाले । अपार दर्शकको माया गीतको सफलतासँगै सुमन बिटीको साङ्गीतिक यात्रा सुरु भयो ।

गीत सङ्गीत क्षेत्रमा धेरैको रुचि हुन्छ धेरै मानिसहरू गीत सङ्गीतमा लागेका पनि छन् । कतिले सफलता पाएका छन् कतिले पाएका छैनन् । तर गायक सुमन बिटीले भने गीत सङ्गीत क्षेत्रमा मेहनत, सङ्घर्ष गरे अनुसार सफलता पाएका छन् । उनै लोकप्रिय गायक भाग्यलाई भन्दा कर्मलाई विश्वास गर्ने गर्दछन् त्यसैले त गीत संगीतमा सफलता पाएका छन् ।

"रातो डोरी सिरैमा तिमी र म जाम माया" गीतबाट आफ्नो साङ्गीतिक जीवनमा फड्को मारेका सुमन बिटीका अहिले दर्जनौँ गीतहरू बजारमा सार्वजनिक भइसकेकाछन् । भने सबै गीतले अपार दर्शक श्रोताको माया पाएका छन् । उनको पहिलो गीत "रातो डोरी सिरैमा तिति र म जाम माया" थियो सोही गीतले साङ्गीतिक बजारमा एक छत्र राज नै गऱ्यो उनको दोस्रो गीतले पनि आम दर्शकको मन जित्न सफल भयो । अहिले पछिल्लो समय हेर्ने हो भने बिटीका सबै गीतले सफलता पाएका छन् । अब उनको आवाजमा रहेको महँगो लगानीको गीत "सान्नानीलाई कस्तो छ" बजारमा सार्वजनिक हुँदै छ यो गीतबाट गायक सुमन बिटिले दर्शक श्रोताको धेरै माया पाउने अपेक्षा राखेका छन् ।

पछिल्लो समय गायक सुमन बिटी आफ्नो गीतमा अभिनय समेत गर्न थालिसकेकाछन् गीत रेकर्ड, लाइभ दोहोरी, मेला महोत्सव मात्र नभएर सुमन बिटी मोडलिङमा पनि उतिकै व्यस्त देखिन्छन् । उनले नेपाली गीत सङ्गीत क्षेत्रमै एक सफल गायकको रूपमा आफूलाई स्थापित गराइसकेकाछन् ।

सुमन बिटीको बारेमा ।

आफ्नो ओरिजिनल नाम सुमन बयलकोटी भएता पनि साङ्गीतिक क्षेत्रमा भने सबैले उनलाई सुमन बिटी भनेर चिन्छन् । उनले आफ्नो थरलाई बयलकोटीबाट बिटी बनाए । किनकी सुमन बयलकोटी नाम उचारण गर्न अली अप्ठयारो हुने भएकाले,आफ्नो नाम सबैको मुखमा झुन्डियोस भनेर उनले सुमन बयलकोटिबाट आफ्नो थरलाई सुमन बिटी बनाएका हुन् । अहिले सुमन बिटी नाम साङ्गीतिक क्षेत्रमा चिरपरिचित छ ।

उनलाई कक्षा ८ मा पढ्दै गर्दा गीत सङ्गीत प्रति धेरै रुचि हुन थाल्यो अनि उनले गीत संगीतमा केही गर्छु भनेर गाउन सुरु गरे । उनको गाउँको पढाइ एसएलसी सम्मा रयो र काठमाडौ आएर संगीतका औपाचारिक शिक्षा लिदै दिउँसोमा शिक्षण पेसा,आफ्नो रोजिरोटीको लागि रातिमा बिभिन्न लाउन्जबार,दोहोरी साझ,बरगर हाउसहरुमा साङ्गीतिक प्रस्तुती दिदै साङ्गीतिक क्षेत्रमा अगाडी बढ्न थाले । तर साङ्गीतिक व्यस्थाताका कारणले भने शिक्षण पेशालाई अगाडी बडाउन सकेनन् तर गीत सङ्गीतमा भने अगाडी बडी रहे ।

उनले बिगतका दिनमा गीत सङ्गीतमा धेरै सङ्घर्ष र मेहनत गरेकाछन् । उनको परिवारमा गीत सङ्गीतमा लागेका र गीत संगीतलाई बुझ्ेका कोही पनि थिएन्न् उनको मेहनत र संघर्षले नै गीत सङ्गीतमा सुमन बिटी नामले सर्वाधिक दर्शकलाई चिनाए ।

सबै बिधाका गीतहरू गाउन रुचि राख्ने स्वभाव भएका सुमन बिटी,सबै बिधाका गीत गाउन सक्ने आवाज भएकाले भर्साटाइल गायकको रूपमा चिनिएकाछन् । अहिले सुमन बिटीका सबै बिधाका गीतहरु बजारमा सुन्न सकिन्छ ।

# डेन्जर दादा नामले कलाकारिता क्षेत्रमा चिनिएका राजु सिंह




*काठमाडौं– विगत लामो समयदेखि कलाकारिता क्षेत्रमा डेन्जर दादा नामले आफ्नो छुटै पहिचान बनाएका राजु सिंह कलाकारिता क्षेत्रका पुराना भिलेनको रुपमा अभिनय गर्ने एक चर्चित पात्र हुन् ।*

*उनेले थुप्रै नेपाली चलचित्रमा अभिनय गरेका छन् भने दर्जनौं सिरियल र म्युजिक भिडियोमा समेत आफ्नो डरलाग्दो गुन्डाको भूमिका देखाएका छन् ।*

*विगत १५, २० वर्षदेखि कलाकारिता क्षेत्रमा समय बिताउँदै आएका सिंह पछिल्लो समय फिल्मसँगै थुप्रै टेली सिरियलमा देखिन थालेका छन् । उनले गरेका नेपाली टेलि-सिरियलहरू हल्का रमाइलो, बासुदेब, सकस, होसियार, पल्लो गाउँ लगायत दर्जनौं सिरियलमा उनलाई देख्न सकिन्छ । उनै लोकप्रिय कलाकार राजु सिंहसँग गरेको कुराकानीलाई हामीले यस अंकमा यसरी प्रस्तुत गरेका छौं ।*

**आज भोली केमा व्यस्त हुनुहुन्छ ?**

आज भोली सुटिङ तिर नै व्यस्त छु भरखरै बिराज भट्टको लेख्न निर्देशनमा बनेको "१२ गाउँ" फिल्मको सुटिङ सकिएको छ अब २, ४ ओटा फिल्मको याग्रिमेन्ट भइसकेको छ अब केही दिनबाट सुटिङ सुरु हुन्छ । पछिल्लो समय म सिरियल, सट-मुभीमा पनि उतिकै व्यस्त छु जे होस कलाकारिता क्षेत्रमा आफूलाई व्यस्त बनाएको छु ।

**कलाकारिता क्षेत्रमा लागेको कति भयो ?**

कलाकारिता क्षेत्रमा लागेको झन्डै १५, २० वर्ष भयो । अहिले सम्म कलाकारिता क्षेत्रमा रही रहेको छु यो क्षेत्रमा टिकी रहन, बाची रहन धैऱ्यता, सहनशीलता हुनै पर्छ । बिगतका दिनमा मैले यो क्षेत्रमा धेरै सङ्घर्ष, मेहनत गरेको छु मेरो व्यापार बिजनेस जे भनेनी कलाकारिता हो यही क्षेत्रबाटै घर परिवार चलाइरहेको छु अहिले सम्म ।

**तपाइले नेपालको कुन-कुन हिरोसँग धेरै सह-कार्य गर्नुभएको छ ?**

मैले नेपालका धेरै हिरोसँग काम गरेको छु दिलीप रायमाझी, बिराज भट्ट, जीवन लुइँटेल, निखिल उप्रेती, भुवन केसी, अहिलेका नयाँ पुराना कलाकार सबैसँग काम गरेको छु ।

**नेपाली फिल्मी क्षेत्रको अवस्था कस्तो छ अहिले ?**

नेपाली फिल्मे क्षेत्रको अवस्था अहिले एकदमै नाजुक छ पहिलाको जस्तो छैन । कुनै समय हामीले गरेको फिल्म एक महिना सम्म हलमा लाग्थ्यो भने अहिले एक हप्ता हलमा चल्न गारो छ भनेपछि समय कहाँबाट कहाँ पुगिसक्यो । पहिलाको जस्तो कलाकारको मान्यता पनि छैन अब त दर्शकले कलाकार चिन्नै छाडिसके सबै जना कलाकार भए टिकटकले गर्दा । त्यसैले अहिले कलाकारको महत्व घट्यो । सामाजिक सञ्जाल टिकटकले गर्दा पुराना कलाकारको मान्यता पहिलाको जस्तो छैन ।

**भोलीका दिनमा आउने नव प्रतिभाको लागि के भन्न चाहनुहुन्छ ?**

यो क्षेत्र सबैको हो । आउनुस् । आफ्नो प्रतिभा देखाएर अगाडि बढ्नुस् । हामीबाट पनि आउने प्रतिभाहरूलाई साथ सहयोग मिल्ने छ । यो क्षेत्रमा सङ्घर्ष गर्नुस् नहुने कुरा केही हुँदैन । हुन त यो गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा कुन बेला कसको भाग्य चम्किन्छ । थाहा नै हुँदैन । आउनुस् अगाडि बढ्नुस् मेहनत गर्न नछोड्नुस् । यो संसारमा असम्भव भन्ने केही पनि छैन भन्दै कलाकार राजु सिंह (डेन्जर दादा) जन आकाश मिडियासँग बत्ताउँछन् ।

# रामेछाप डायरी

## सैनिक स्मृती पार्क किन उद्घघाटन भएन ?




**रामेछाप–** डिभिजन बन कार्यालय रामेछापले जिल्ला अस्पताल रामेछापको मूल ढोका नजिक करिब २५ लाख रुपैयाँको लगानीमा निर्माण गरेको पार्क निर्माण सम्पन्न भएको लामो समय वितिसक्दा समेत उद्घघाटन हुन सकेको छैन ।

कार्यालयको कुल २५ लाख रुपैयाँ र श्रमदान १० प्रतिशत(एक लाख रुपैयाँ) गरी कुल २६ लाखको लागतमा स्थानीय उपभोक्ता समितिले २०८० साल असार १३ गते नै काम सम्पन्न गरिसकेको भएपनि पार्क संचालनमा आउन नसकेको हो ।

२०६६ वैशाख १० गते जिल्ला अस्पताल नजिकैको वादी पाखा सामुदायिक बनको जङ्गलमा लागेको आगो निभाउने क्रममा तत्कालीन १३ जना सैनिक जवानहरूले डढेलोमा परेर ज्यान गुमाएका थिए । त्यसैको सम्झनामा १३ मध्य अन्यको नाम शिला लेखमा रहने र एक जना कमान्डरको भने सालिक राख्ने गरी स्टमेट भएको थियो ।

स्टमेट अनुसार काम भएर भुक्तानी समेत भएको भए पनि पार्क उद्घघाटन नहुदा संचालनमा आउन नसकेको उपभोक्ता समितिका सचिव जीवन कुमार श्रेष्ठले बताउनुभयो । पार्क उद्घघाटन नुहँदा निर्माण भएका संरचनाहरुमा पनि क्षति हुन थालेको छ ।

डिभिजन बन कार्यालय रामेछापका प्रमुख उमाशंकर जैसवालले आफुले यहि भदौ ६ गतेदेखी कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेको बताउँदै के कारणले पार्क उद्घघाटन हुन नसकेको रहेछ बुझेर तत्काल उद्घघाटनको तयारी थाल्ने बताउनुभयो ।

## सभापति कान्छारामले आतङ्क मच्चाएको सचिवको आरोप, भण्डाफोर गर्ने चेतावनी



**रामेछाप–** नेपाली कांग्रेस रामेछाप जिल्ला कार्यसमितिका पदाधिकारीबीच असन्तुष्टि बढ्दै गएको छ । पार्टीको १४औं जिल्ला अधिवेशनबाट सभापतिमा निर्वाचित भएका पूर्णबहादुर तामाङ (कान्छाराम)ले निरङ्कुशता लाद्न खोजेको आरोप छ । कान्छारामले कसैसँग सल्लाह नगरी एकलौटी ढंगले निर्णय गर्ने, हस्तक्षेप गर्ने, पदाधिकारीको मर्यादामा समेत असर पर्ने किसिमको गतिविधि गर्ने कांग्रेस रामेछाप जिल्ला सचिव दीपक खड्काको आरोप छ ।

'कान्छारामले विना सल्लाह एकलौटी ढंगबाट कार्य गर्ने, सचिवहरुको अधिकारभित्रको कार्यमा हस्तक्षेप गरी अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुको मर्यादामा समेत असर पर्ने कार्यगरी एकलौटी तबरबाट आफू सभापति हुनेबित्तिकै पार्टीको सबै कार्य गर्ने आफैं भएको महशुस गरी विधानविपरीत तानाशाही प्रवृत्तिको साथ अगाडि बढेको हुँदा उक्त प्रवृत्तिको विरुद्धमा सम्पूर्ण कांग्रेस शुभचिन्तकहरुलाई तानाशाही कार्यका विरुद्ध लाग्न अनुरोध गर्दछु'- सचिव खड्काले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कान्छारामले एकलौटी ढंगले निर्णयगरी भदौ २४ गते १११औं वीपी जयन्ती गर्ने भनी परिपत्र गरेको थाहा पाएको भन्दै सचिव खड्काले त्यसको विरोध गर्न समेत अपिल गर्नुभएको छ । तत्काल बैठक बसी पार्टीमा देखिएको समस्या समाधान गर्न गम्भीर छलफल नगरी कुनै पनि कार्यक्रम हुन नदिने उहाँको चेतावनी छ । कान्छारामले रामेछाप कांग्रेसलाई एकढिक्का रुपमा अगाडि बढाउने प्रतिवद्धता नगरेसम्म विरोध गर्न उहाँले आग्रह गर्नुभएको छ । सचिव खड्काले सोमबारको कार्यक्रम जबरजस्ती गर्न खोजे विद्रोहको नारा लगायत विभिन्न दवाबमूलक गतिविधिमा सहभागी हुन आग्रह गर्नुभयो । कान्छाराम संघीय सरकारमा उर्जा राज्यमन्त्री हुनुहुन्छ ।

## मन्थलीमा उद्योग तथा वाणिज्य कार्यालय रामेछापको अन्तरकृया

**रामेछाप–** उद्योग तथा वाणिज्य कार्यालय रामेछापले आफनो कार्यालयले गर्ने सेवा प्रवाह र कार्यालयले गर्दे आएको सेवा प्रवाह र प्रगतिको वारेमा अन्तरक्रिया गरेको छ । कार्यालयले मंगलबार जिल्ला प्रशासन कार्यालयको सभाहलमा र बुधबार आफनै कार्यालयमा छुट्टा छुट्टै कार्यक्रमको आयोजना गरेको हो ।

कार्यालयले बुधबार वागमति प्रदेशका उद्योग,पर्यटन,वन तथा वातावरण समिति सभापति एवं साँसद आनन्द श्रेष्ठको प्रमुख आतिथ्यतामा जिल्ला भित्रका सबै पालिकाहरु र कार्यालय संग सरोकार राख्ने सबै सरोकारवाला संगको सामिप्यतामा रहेर कार्यक्रमको आयोजना गरेको थियो ।

कार्यक्रममा वोल्दै प्रमुख अतिथि श्रेष्ठले राजनितिक अस्थीरताका कारण उद्योगको क्षेत्रमा आसातित सुधार हुन नसकेको भन्दै त्यसका लागि सरकारले पनि आवश्यक निति निर्माण गर्न नसकेको भन्दै आवश्यक वजेट र आवश्यक निति निर्माणमा आफु क्रियाशिल रहेको पनि बताउनु भयो । सो अवसरमा उहाँले जिल्लामा आएको न्युन बजेट पनि जिल्लाको उद्योग क्षेत्रको विकासको वाधक रहेको धारणा राख्नु भयो ।

कार्यक्रमको आरम्भमा कार्यालय प्रमुख सुवोध कुमार शाह कर्मयोगिले कार्यालयले गत आवमा गरेको संक्षिप्त गतिविधि र चालु आवमा संचालन गर्ने कार्यक्रम संगै प्राप्त पालिका स्तरि वजेट सिलिङ्गको बारेमा पनि जानकारी गराउनु भएको थियो ।



कार्यालय प्रमुख सुवोध कुमार शाह कर्मयोगिको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उप प्रमुख प्रेम सागर थापा,रामेछाप उद्योग वाणिज्य संघका कावा अध्ययक्ष प्रकास कुमार श्रेष्ठ,नेपाल पत्रकार महासंघका अध्यक्ष बद्री नयाँघरे लगायतका सरोकारवाल संस्थाका प्रतिनिधिहरुले जिल्लाको उद्योग तथा वजारीकरणको अवस्था र गर्नु पर्ने सुधारात्मक पक्षका बारेमा आ आफनो धारणा राख्नु भएको थियो।

» बाकी ६ पृष्ठमा

# ज्योति बैंकका ग्राहकहरुलाई “Jasmine Fitness Club & Spa” मा विशेष छुट




**काठमाडौं–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौँस्थितज्योति विकास बैंकका ग्राहकहरुलाई “Jasmine Fitness Club & Spa” मा विशेष छुट मा बैंकका ग्राहकहरूलाई २० प्रतिशत सम्मको विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त क्लब र स्पामा २० प्रतिशतसम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन्।

हालै बैंकले ललितपुरस्थित “Medex Multispecialty Clinic & Diagnostic Center” मा २० प्रतिशत सम्मको छुट प्रदान गर्ने सम्झौता गरेको छ। यसका साथै, बैंकले काठमाडौंस्थित प्रख्यात Tranquility Spa” का देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ग्राहकहरूलाई ३० प्रीतशत सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ। साथै, बैंकले Tistung Resort मा १५ प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ।

ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध गर्ने गरेको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले हालसम्म करिब ९०० भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ। यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ।

ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकमा संगीता पहाडी अर्याल नियुक्त

**काठमाडौं–** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को प्रबन्ध निर्देशकमा संगीता पहाडी अर्याल नियुक्त भएकाछन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१र०५र२० को निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८१र०५र२३, च.नं. संस्थान ४६० (ख) को नियुक्ति पत्रबाट उहाँलाई कम्पनीको प्रबन्ध निर्देशक पदमा चार वर्षको पदावधि रहने गरी नियुक्त गरिएको छ ।

यस अघि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८०र०६र१७ को निर्णय (मा. मन्त्रीस्तर) बमोजिम उहाँले सोही मितिदेखि कम्पनीको निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्दै आएका थिए ।

नवनियुक्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले भारतको अलाहावाद युनिभर्सिटीबाट बी.ई.र थाइल्याण्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट एम.ई. गरेकाछन् । उहाँले २०४९ चैत्र २३ बाट तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा इन्जिनियर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गरी २०५१ फाल्गुण १० मा कम्पनीको सेवामा स्थायी नियुक्ति लिएका थिए । भने उहाँ २०७८ माघ १८ गते नायव प्रबन्ध निर्देशक पदमा नियुक्त भएका थिए ।




पदभार ग्रहण गर्नुहुँदै नेपाल टेलिकमका नवनियुक्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले आफूप्रति नेपाल सरकारले देखाएको विश्वास र सद्भावका लागि धन्यवाद व्यक्त गर्दै, पदको गरिमा र सबैको आफूप्रतिको विश्वासलाई उच्च प्राथमिकतामा राखेर संस्थालाई थप उचाइमा लैजान आफ्नो पूर्ण उर्जा खर्चिने प्रतिवद्धता व्यक्त गरे ।

# SCT ले ल्यायो तिर्की दाउ (TRIAL Offer) रु ७७७ सम्म क्यासब्याक




काठमाडौं- नेपालीहरुको महान पर्व हरितालिका तीज, बडा दशैं तथा शुभ दीपावलीलाई लक्षित गरेर स्मार्टचोइस टेक्नोलोजीज लिमिटेड (क्क्रृत) ले “तिर्की दाउ (त्व्क्ष्बी इाभच) सार्वजनिक गरेको छ।

यस, अफर अन्तर्गत क्क्रृत-ग्एक्ष- डेबिट कार्ड प्रयोगकर्ताले कुनै पनि खरिदमा एइक मार्फत विद्युतीय कारोबार गर्दा रु ७७७ सम्मको क्यासब्याक प्राप्त गर्न सक्नेछन्। हालसम्म क्क्रृत-ग्एक्ष डेबिट कार्ड नलिएका ग्राहकले कार्ड जारी गर्न क्क्रृत संग आवद्ध बैंक तथा वित्तिय संस्थाहरुमा गएर प्राप्त गर्न सक्नेछन्।

ग्राहकले यस अवधिमा ६ महिनादेखि प्रयोगमा नल्याएको क्क्रृत-ग्एक्ष डेबिट कार्ड प्रयोग गरेमा रु १११ को क्यासब्याक र सबै प्रयोगकर्ताले तीन वा सोभन्दा धेरैपटक कारोबार गर्दा रु ३३३ क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।

साथै, सात वा सो भन्दा धेरैकारोबार गर्दा रु ७७७ क्यासब्याक पाउन सक्नेछन्। हरेक कारोबारको रकम ५०० वा सोभन्दा धेरै हुनपर्नेछ र एउटै टर्मिनलबाट दिनको एकपटकको कारोबार मात्र अफरका लागि मान्य हुनेछ ।

साथै, भारतमा पनि नेपाली रुपैया २५०० वा सोभन्दा धेरैको कारोबार गरेको खण्डमा नेपाली रुपैया २५० को क्यासब्याक प्राप्त गर्न सक्नेछन् । अफरको विस्तृत विवरण र सर्त तथा वन्देजहरु क्क्रृत को आधिकारिक वेबसाइटमा पाउन सकिनेछ । यो अफर यहि सेप्टेम्बेर १ देखि अक्टोबर ३१ सम्म लागुहुने छ ।

# प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले प्रारम्भिक शेयर निष्काशन गर्ने



**काठमाडौं–** प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले सर्वसाधारणहरुलाई जारी गर्न लागेको २२,५०,००० कित्ता साधारण शेयरको प्रति शेयर अङ्कित मूल्य रु. १००/- का दरले कुल रु. २२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैयाँ मात्र) को खरीद प्रत्याभुति सेवाको लागि नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. तथा नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई नियुक्त गरेको छ ।

आज एक कार्यक्रमका बिच नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि.का तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेल, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशी र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत नरेश कुमार रोकाले उक्त शेयर प्रत्याभुति प्रदान गर्ने सम्बन्धि त्रिपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरे ।

नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड नेपाल एसबिआई बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो । यसले नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त गरी लगानि ब्यबस्थापन सेवा, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सेवा, धितोपत्र खरिद प्रत्याभुति सेवा, हितग्राही खाता सञ्चालन सम्बन्धी सेवा, संस्थागत परामर्श सम्बन्धी सेवा तथा शेयर रजिष्ट्रार सम्वन्धि सेवा प्रदान गर्दै आइरहेको छ ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको धनगढीमा मुख्य कार्यालय स्थापना गरि नेपाल बिमा प्राधिकरणबाट बिमा ऐन २०७९ तथा बिमा नियमावली २०४९ बमोजिम मिति २०७९/१२/२८ गते इजाजत प्राप्त गरि मिति २०८०/०३/३१ गते देखि सम्पत्ति बिमा, घर (आवास) बिमा, दुर्घटना बिमा, मोटर बिमा, स्वास्थ्य बिमा लगायतका लघु निर्जीवन बीमा सम्बन्धि सेवा ललितपुर, गुसिङ्गलमा रहेको प्रादेशिक कार्यालय सहित आफ्ना देश भरि छरिएका ३ शाखा, ११ उप-शाखा तथा १४ विस्तारित (एक्सटेन्सन) शाखा कार्यालयहरु मार्फत प्रदान गर्दै आइरहेकोछ ।

# महालक्ष्मी विकास बैंकद्धारा समझदारी पत्रमा हस्ताक्षर

**काठमाडौं–** महालक्ष्मी विकास बैंकले नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुरुप NFRS 09M Expected Credit Loss (ECL) मोडल कार्यान्वयनका लागि के.बी चित्रकार एण्ड कम्पनी चाटर्ड एकाउन्टेस सँग एक समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

यस समझदारी बाट बैंकको जोखिम व्यवस्थापनलाई अझ सुदृढ बनाउँदै थप सही र पारदर्शी वित्तीय प्रतिवेदन प्रस्तुत गर्न मद्धत पुग्ने विश्वास बैंकले लिएको छ ।

साथै यसको कार्यान्वयनबाट वित्तीय प्रतिवेदन मापदण्डहरु पुरा गर्न, सञ्चालन सक्षमता सुदृढ गर्न, नियामक निकायबाट जारी निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन अनुपालन गर्न तथा वित्तीय अनुशासन तथा रिर्पोटिङ्ग अभ्यासलाई अझ सुदृढ बनाउन मद्धत पुग्नेछ ।

“सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ८ लाख ग्राहकहरु रहेका छन् ।



साथै मिति २०८०/०९/२८ मा सम्पन्न बैंकको २२ औवार्षिक साधारण सभाबाट विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा ल्याउन प्रस्ताव समेत पारित भएको छ ।

# नेपालले पायो QAI को मान्यता

**काठमाडौं–** इन्दिरा आईभीएफ नेपाल आफ्नो असिस्टेड रिप्रोडक्टिभ टेक्नोलोजी (ART) सेवाहरूका लागि क्वालिटी एण्ड अक्रिडिटेसन इन्स्टिच्युट (QAI) बाट प्रतिष्ठित मान्यता प्राप्त गर्ने देशको पहिलो आईभीएफ क्लिनिक बनेको छ।

यस ऐतिहासिक उपलब्धिले प्रजनन उपचारको क्षेत्रमा नयाँ बेन्चमार्क तय गर्दै नैतिक एवम् पारदर्शी प्रक्रियाहरूप्रति इन्दिरा आईभीएफको प्रतिबद्धतालाई बलियो बनाउने छ।

अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने गरी उपचार सेवा उपलब्ध गराउने इन्दिरा आईभीएफ, नेपालको समर्पणको प्रमाण स्वरूप QAI प्रमाणीकरण प्राप्त भएको हो। यसबाहेक यसले क्लिनिकको सफलता दरलाई बलियो बनाई उन्नत प्रजनन उपचारहरू प्रदान गर्ने प्रतिबद्धतालाई समेत उजागर गर्छ। बिरामीहरूको लागि यो मान्यता सुरक्षित, भरपर्दो र उन्नत प्रजनन उपचारको ग्यारेन्टी हो भने यसले इन्दिरा आईभीएफ नेपालमा उच्चस्तरको स्वास्थ्य सेवा प्राप्त हुन्छ भन्ने समेत सुनिश्चित गर्दछ।

यस उपलब्धिका बारेमा टिप्पणी गर्दै इन्दिरा आईभीएफ नेपालकि केन्द्र प्रमुख तथा आईभीएफ विशेषज्ञ डा. नेहा होमागाईंले भन्नु भयो, “इन्दिरा आईभीएफ नेपालमा हामीले सधैं निजिकृत दृष्टिकोणको साथमा उच्चस्तरीय उपचार सेवालाई प्राथमिकता दिएका छौं। हाम्रो ढोकाबाट प्रवेश गर्ने हरेक बिरामीले आफ्नो विशिष्ट आवश्यकता अनुरूप टप-नच केयरको अपेक्षा गर्न सक्छन्।

बढ्दो जवाफदेहिता र विकसित नीतिहरूसँगै नेपालमा प्रजनन उपचारमा महत्त्वपूर्ण परिवर्तनहरू भइरहेका छन्। त्तब्क्ष को कठोर मापदण्डहरू पूरा गर्ने हाम्रो प्रयासले हामीलाई हाम्रा बिरामीहरूलाई इथिकल र पेसेन्ट-फर्स्ट शैलीमा उपचार गर्न सक्नेगरी सशक्त बनाएको छ।”

क्वालिटी एण्ड एक्रिडिटेसन इन्स्टिच्युट (QAI) का प्रमुख कार्यकारी अधिकृत डा. बीके राणाले भने, “भारतको प्रख्यात र सबैभन्दा ठूलो आईभीएफ हस्पिटल चेन इन्दिरा आईभीएफले भर्खरै नेपालमा आफ्नो सेवा विस्तार गरेको छ र अहिले यो नयाँ केन्द्र नेपालकै पहिलो IVF/ART केन्द्र भएको छ। (QAI) द्वारा प्राप्त यस मान्यताले उत्कृष्ट प्रजनन उपचारको लागि आफ्नो प्रतिबद्धता स्थापित गर्न अग्रसर इन्दिरा आईभीएफको लागि एक महत्वपूर्ण कोसेढुङ्गा हो।

हामीलाई साइटमा पुगेर मूल्याङ्कन गर्ने क्रममा वहाँहरूले पुर्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं। सकारात्मक मनोवृत्तिका साथ खुला रूपमा आफ्ना अनुभवहरू साट्दै बिरामीहरूको आवश्यकता बुझ्ने र तदनुरूप सहायता गर्ने मान्यता प्राप्त इन्दिरा आईभीएफ नेपाललाई हामी वहाँहरूको समर्पण, जोश र विशेषज्ञताको विशेष कदर र प्रशंसा गर्दछौं।

क्वालिटी एण्ड अक्रिडिटेसन इन्स्टिच्युट (QAI) को एआरटी केन्द्र अक्रिडिटेसन कार्यक्रम एआरटी केन्द्रहरूका सेवाहरूमा गुणस्तर, सुरक्षा, विश्वसनीयता र पारदर्शिता ल्याउन विकसित गरिएको हो। यी मापदण्डहरू अद्वितीय र नेपालका साथै विश्वका धेरै भागहरूमा यस किसिमको पहिलो विशेषता मान्यताहरू हुन्।

(QAI) मापदण्डहरू हेल्थ केयर एक्सटर्नल इभ्यालुएसन असोसियसन (ISQuaEEA) मा गुणस्तरको लागि अन्तर्राष्ट्रिय समाजका सिद्धान्तहरू प्रयोग गरी विकास गरिन्छ। अस्पताल वा क्लिनिकले आफ्ना बिरामीको अद्वितीय आवश्यकता र अपेक्षा अनुरूप अनुकूलित प्रक्रियाहरू स्थापना गरेको छ र सुधारका लागि निरन्तर निगरानी गरिने छ भन्ने सुनिश्चित गरेर यी मापदण्डहरूले सुविधा र बिरामीहरूलाई एउटा रूपरेखा र मापनयोग्य प्रणाली प्रदान गर्दछन्।

यसका साथै (QAI) मानकले उनीहरूको क्लिनिकल सेवाहरूलाई बलियो बनाउन डिजाइन गरिएका सीप र दक्षताहरू प्राप्त गर्न मात्र नभई संस्थाको कार्यसम्पादनमा पनि प्रभाव पार्ने अनौठो अवसरको साथ स्वास्थ्य सेवा सुविधाहरू प्रदान गर्छ।

जनमानसमा बाँझोपन बारेको बढ्दो चेतनासँगै नेपालमा आईभीएफ क्षेत्र तीव्र गतिमा विकसित हुँदैछ। प्रजनन उपचार खोज्ने बिरामीहरूमा विश्वास र भरोसा जगाउने गरी आफ्ना अत्याधुनिक सुविधा र अनुभवी विशेषज्ञहरूको टोलीका साथ नयाँ बेन्चमार्कहरू सेट गर्दै इन्दिरा आईभीएफ नेपाल यस परिवर्तनको अग्रपंक्तिमा छ।

# ओलीलाई प्रचण्डको जवाफ ?



**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ दलका नेताहरुले संविधान विपरीतका अभिव्यक्ति दिइरहेको भन्दै त्यसको भण्डाफोर गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

शहीदद्वय शेरमान कुँवर (विशाल) र मोहनचन्द्र गौतम (कुमार)को स्मृतिमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा विहीबार आयोजित श्रद्धाञ्जली कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले कार्यकर्तालाई सो निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रचण्डलाई राउण्ड किक् हानेको भनेर दिएको अभिव्यक्तिको पनि प्रचण्डले जवाफ फर्काए । उनले भने, ‘ प्रचण्डलाई राउण्ड किक् हानेको भनेर पनि बोलेछन् प्रधानमन्त्रीमा बसेका मान्छेले । अब जनताको राउण्ड किक् कस्तो हुन्छ तिनले देख्नेछन् ।’

पूर्वप्रधानमन्त्री प्रचण्डले यस्ता अभिव्यक्ति र प्रवृत्तिको भण्डाफोर गर्नुपर्ने बताए । संविधानको ब्याख्यात्मक टिप्पणीमा सशस्त्र संघर्ष भनेर माओवादी जनयुद्धलाई बुझाउने छ भनेर स्पष्टसँग लेखिए पनि सत्तारुढ दलका कतिपय नेताहरुले संविधानको व्यवस्था विपरीत बोलेको गुनासो समेत प्रचण्डले गरे ।

‘अहिले कतिपय सत्तारुढ दलका नेताहरुले जनयुद्धलाई हिंसा, हत्या, आतंक थियो भन्ने दुस्साहस गर्ने गरेका छन्, संविधान विपरीत बोल्ने नेताहरुको भण्डाफोर गर्नुपर्छ’ प्रचण्डले भने, ‘संविधानमा भएको यथार्थलाई जोडदार रुपमा जनतामा लैजानुपर्छ ।’

# दराज नेपालद्वारा ९.९ वार्षिक उत्सव अभियानको घोषणा

**काठमाडौं–** देशकै अग्रणी अनलाइन शपिब प्ल्याटफर्म दराज नेपालले स-गौरव आफ्नो बहुप्रतिक्षित ९.९ वार्षिक उत्सव अभियान सार्वजनिक गरेको छ ।




यस कार्यक्रम मार्फत उपभोक्ताले ६०% सम्मको अविश्वसनीय फ्ल्यास सेल छुट, नि:शुल्क डेलिभरी र १ करोड बराबरको भाउचर सुविधा प्राप्त गर्न सक्ने दराजले जानकारी दिएको छ ।

सेप्टेम्बर ९ (भाद्र २४, २०८१) देखि सेप्टेम्बर ११ (भाद्र २६, २०८१) सम्म चल्ने यस अभियान मार्फत नेपाली उपभोक्तालाई किनमेलको रोमाञ्चक अनुभव प्रदान गर्ने लक्ष्य कम्पनीले लिएको छ । यस ९.९ बार्षिक उत्सव अभियानको प्रमुख आकर्षणहरु मध्ये एकको रूपमा, खरीदकर्ताहरूले न्यूनतम मूल्य रु.४ सय ९९ बराबरका उत्पादनहरूको खरिद गर्दा छानिएका बिक्रेताहरू मार्फत उपभोक्ताका घरको ढोकैसम्म नि:शुल्क डेलिभरीको सुविधा प्राप्त गर्न सक्नेछन् ।

यसका लागि उपभोक्ताले दराज एपको होमपेजमा उपलब्ध “फ्री डेलिभरी“ ब्यानरमा क्लिक गरी “फ्री डेलिभरी“ भाउचरहरू सङ्कलन गर्न सक्नेछन् । साथै, दराजका खरिदकर्ताहरूले अभियान अवधि भर दैनिक रूपमा फ्ल्यास सेलबाट सबैभन्दा कम मूल्यमा विभिन्न क्याटेगरी तथा सेटाफिल, बोट, एक्स-एज र पिलग्रिम लगायत साझेदार ब्रान्डहरू मार्फत ६०% सम्म छुटमा विशेष अफरहरूको मज्जा पनि लिन सक्नेछन् ।

त्यसैगरी, दराज एपमा दैनिकरुपमा अपडेट हुने फ्ल्याश सेल सेक्सनमार्फत खरिदकर्ताहरूलाई उत्पादनहरुको खरिद गर्दा थप बचत गर्ने अवसर सदा झैँ कायम रहनेपनि कम्पनीले जानकारी दिएको छ । कम्पनीका अनुसार ९.९ वार्षिक सेल अभियान अत्यधिक छुट र बचतसंग मात्र सम्बन्धित नभइ आफ्ना उपभोक्ता तथा विक्रेताहरु समेतलाई एक बेजोड अनलाइन किनमेल अनुभव

# प्रजातन्त्र सेनानी र सहिद परिवारको लागि नेपाली कांग्रेसले अक्षय कोष स्थापना गर्नेछ थापा

**भक्तपुर–** सहिद परिवार र प्रजातन्त्र सेनानीको शिक्षा स्वास्थ्यका लागि नेपाली कांग्रेसले १० करोड रूपैयाँ रासीको अक्षय कोष स्थापना गर्ने भएको छ । स्व. श्याम बहादुर कार्कीको १७ औं स्मृति दिवसको अवसरमा शनिबार भक्तपुरमा आयोजित कार्यक्रममा बोल्दै कांग्रेसका महामन्त्री गगन कुमार थापाले सो जानकारी दिनुभएको हो ।




प्रजातन्त्रका सेनानी र शहिदका परिवारले आफ्नो योगदानको प्रतिफल पाउन नसकेको बताउँदै महामन्त्री थापाले उनीहरुलाई स्वास्थ्य र शिक्षाको अवसरबाट बञ्चित नहुन् भन्ने उद्देश्यले अक्षयकोष स्थापना गर्न लागिएको बताउनुभयो ।

हाल पार्टीमा आवद्ध रहेकाहरुलाई पनि भविष्यमा आफ्नो परिवारको अवस्था के होला भन्ने तनावबाट मुक्त रहनका लागि पनि उक्त अक्षयकोषले मद्धत पुर्याउने महामन्त्री थापाको भनाइ थियो । कार्यक्रम बोल्दै महामन्त्री थापाले पार्टी कार्यालयमा स्थपना गरिएको पुस्तकालयमा प्रजातान्त्रिक आन्दोलनका योद्धा, प्रजातान्त्र सेनानी लगायतका सामाग्री समेत राखिने जानकारी दिनुभयो ।

महामन्त्री थापाले अहिलेको समयमा “मानिसहरुमा देश सक्किसक्यो, हामी भत्किसयौं, हामी मक्किसक्यौं” भन्ने भाष्य बन्दै गएको बताउनुभयो। मानिसहरुमा सबै नराम्रो मात्र हुँदै छ, राम्रो केही छैन भन्ने विचार धेरैले राख्ने गरेको बताउँदै महामन्त्री थापाले सबै नराम्रो मात्र भने नभएको दाबी गर्नुभयो । “हामीले सोचेअनुसार प्रगती गर्न सकेनौं, धेरै गर्न सक्ने थियौं, तर विभिन्न कारणले भएन, तर त्यसो भन्दैमा हामी सक्किसक्यौं, मक्किसक्यौं भन्न चाहिँ मिल्दैन ।”, थापाले भन्नुभयो ।

हाल धेरैजस्तो युवाहरुमा विदेश जाने ट्रेन्ड बढिरहेको बताउँदै महामन्त्री थापाले युवा विदेशिनुलाई मात्रै नराम्रो भन्न नमिल्ने बताउनुभयो । रोजगारी र शिक्षाका लागि त विकशित देशका मानिस पनि अन्य देशमा जाने गरेको उदाहरण प्रस्तुत गर्दै महामन्त्री थापाले त्यसैलाईनै नराम्रो भन्न चाहिँ नमिल्ने बताउनुभयो ।

कमाएर वा पढेर नेपाल फर्किन्छु भन्ने सोच्नु सामान्य हो, तर सबै बिग्रिसक्यो सोचेर विदेशिनु चाहिँ डरलाग्दो हुने महामन्त्री थापाको भनाइ थियो ।

कार्यक्रममा नेपाली काँग्रेस भक्तपुरका सभापति एवं संघीय सांसद दुर्लभ थापाले भक्तपुरको राजनीतिक, सामाजिक बिकासमा स्व. श्यामबहादुरको अतुलनीय योगदान रहेको बताउनुभयो । काँग्रेस भक्तपुरमाअहिलेको अवस्थामा पुग्न समेत स्व. श्यामबहादुरको योगदान रहेको थापाको भनाइ थियो ।

कार्यक्रममा बागमति प्रदेशका आन्तरिक मामला तथा कानुन मन्त्री शुरज चन्द्र लामिछाने, स्व. श्यामबहादुरका समकालीन एवं कांग्रेस नेता रामप्रसाद दवाडी, प्रतिष्ठानका अध्यक्ष एवं स्व. श्यामबहादुरका जेष्ठ पुत्र बिष्णुराज कार्की लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्कीको १७ औ स्मृति दिवसकै अवसरमा स्थानीय गणेश आधारभुत बिधालयका १०८ जना विद्यार्थीलाई स्टेशनरी समान, व्याग लगायतका सामान बितरण गरिएको थियो । प्रतिष्ठानका सचिव प्रदिप कार्कीका अनुसार, सोहि समारोहमा एक सय आठ सातादेखि सरसफाइ अभियान सञ्चालन गर्दै आएको परिस्कृत नेपाल संस्थालाई टिशर्ट, माक्स, ग्लोव्स लगायतका सामाग्री प्रदान गरिएको थियो ।

स्व. श्यामबहादुर स्मृति दिवसकै अवसर पारेर नेपाल रेडक्रस सोसाइटीको समन्वयमाआयोजना गरिएको रक्तदान कार्यक्रममा ८८ जनाले रक्तदान गरेको सचिव कार्कीले जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाली काँग्रेस भक्तपुरका पूर्व सभापति महेश श्रेष्ठ, बागमती प्रदेश सभा सदस्य सुरेश श्रेष्ठ, बागमती प्रदेशका पूर्व मन्त्री कृष्णलाल भँडेल, मध्यपुर थिमी नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, महिला संघकी जिल्ला सभापति सरू वानियाँ, नेता कविर राणा लगाएतका नेताहरूको

## खेलकुद

### यूएस ओपन : सिनर बने च्याम्पियन



**काठमाडौं–** विश्व नम्बर १ यानिक सिनरले टेलर फ्रिट्जको चुनौती पार गर्दै आइतबार यूएस ओपन-२०२४ को उपाधि जितेका छन् । यो वर्ष उनले जितेको यो दोस्रो ग्रान्ड स्लाम उपाधि हो । उनले जनवरीमा अस्ट्रेलियन ओपनको उपाधि पनि हात पारेका थिए ।

फ्लेसिङ मेडोसमा भएको फाइनलमा इटालीका सिनरले अमेरिकी प्रतिद्वन्द्वी फ्रिट्जलाई ६-३, ६-४ र ७-५ ले हराए । सन् १९७७ यता सिनर आफ्ना सुरुआती दुई ग्रान्ड स्लाम उपाधि एकै वर्ष जित्ने पहिलो खेलाडी पनि बने ।

यसअघि यस्तै उपलब्धि गुलेरमो भिलासको नाममा थियो । यस्तै २३ वर्षीय सिनर यूएस ओपनको पुरुष एकल जित्ने पहिलो इटालीका खेलाडी पनि बने । डोपिङको आरोपबाट मुक्त भएको १९ दिनपछि उनले अहिलेको सफलता आत्मसात् गरेका हुन् । मार्चमा दुई पल्ट उनी शक्तिवर्द्धक प्रतिबन्धित औषधि प्रयोगमा दोषी पाइएको थियो ।

### पलेशालाई तेक्वान्दोबाट १० लाखसहित सम्मान

**काठमाडौं–** नेपाल तेक्वान्दो संघले आफ्ना खेलाडी पलेशा गोवर्धनलाई आइतबार १० लाखसहित सम्मान गरेको छ ।

पलेशाले गत पेरिस पारा ओलम्पिकबाट नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाएकी थिइन् । तेक्वान्दो संघको तर्फबाट युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले १० लाखको चेक र सम्मानपत्र प्रदान गरेका थिए ।

संघले प्रशिक्षक कविराज नेगी लामालाई ३ लाख र अर्का ओलम्पिक खेलेका तेक्वान्दोकै भरतसिंह महरालाई १ लाखसहित सम्मान गरेको थियो । व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई पनि कदरपत्र प्रदान गरिएको थियो । सोही अवसरमा पारा तेक्वान्दोमा योगदान गरेको संघकै सदस्य कासिम मियाा र पलेशाका बावुआमालाई पनि सम्मान गरिएको थियो ।

त्यस्तै सोही कार्यक्रममा पौडी संघको तर्फबाट पलेशालाई २५ हजार र प्रशिक्षक नेगीलाई १० हजार प्रदान गरिएको थियो ।

कांग्रेसबाट ५ लाखसहित सम्मान



आइतबार नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले पलेशासहित पारा नगदसहित तेक्वान्दो टोलीलाई सम्मान गरेको छ । पलेशालाई ५ लाखसहित प्रशंसापत्र प्रदान गरियो । प्रशिक्षक कविराज नेगी लामालाई १ लाख ५० हजार, भरतसिंहलाई ५० हजारसहित सम्मानित गरिएको थियो । व्यवस्थापक रामचन्द्र श्रेष्ठ र नेपाल तेक्वान्दो संघलाई पनि प्रशंसापत्रबाट सम्मान गरिएको थियो ।

सानेपास्थित नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा भएको कार्यक्रममा उनहरुलाई नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सम्मान गरेका थिए । सभापति देउवाले नेपाली छोरी पलेशाले पारालिम्पिकमा पहिलो पदक जितेर नेपालको इज्जत र प्रतिष्ठा बढाएको धारणा व्यक्त गर्दै पलेशाको सफलताले अन्य खेलाडीलाई पनि उत्साहित गर्ने विश्वास व्यक्त गरे ।

### लिभरपुलको प्रभावशाली जित

**काठमाडौं–** क्रिस्टियानो रोनाल्डोले खेलको अन्त्यतिर गरेको गोलमा पोर्चुगलले आइतबार नेसन्स लिगमा स्कटल्यान्डलाई २-१ ले हराएको छ । स्कटल्यान्डले सातौँ मिनेटमा स्टक म्याकटोमीको गोलले अग्रता लिएको थियो ।

त्यसपछि ब्रुनो फर्नान्डेजले पोर्चुगलका लागि बराबरी गोल फर्काए । रोनाल्डोले ८८औं मिनेटमा निर्णायक गोल गरे र यो उनको खेल जीवनको ९ सय १ औं गोल रह्यो । स्कटल्यान्ड पछिल्ला आठ खेलमा जितविहीन रहेको छ ।

यस्तै स्पेनले फाबिन रुइजको दुई गोलमा स्विजरल्यान्डलाई ४-१ ले पराजित गऱ्यो । आइतबारका अन्य खेलमा क्रोएसियाले पोचल्यान्डलाई १-० र स्विडेनले इस्टोनियालाई ३-० हराए ।

जन आकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- ८, २०८१ साल भदौ २५ गते मंगलबार (Sep 10, 2024)

# निर्देशक तथा मोडल प्रदिप कुमार रसाइलीको सांगीतिक जिवन






**काठमाडौं–** पुख्यौली थलो सरहा करजन नगर पालिका वडा नं. ४ माता भरत रसाइली र पिता दिलकुमारी रसाइलिको कोखबाट जन्मिएका एक प्रतिभा हुन् मोड्ल, कोरियोग्राफर तथा निर्देशक प्रदिप कुमार रसाइली । स्कुल जीवनबाट नै कलाकारिता क्षेत्रमा भबिष्य देखेर कलाकारिता यात्रा सुरु गरेका दिर्देशक रसाइँली अहिलेका चर्चित एवं लोकप्रिय कोरियोग्राफर तथा निर्देशकको सूचिमा पर्दछन् ।

बिगत १९ बर्षदेखी डान्स सिकेर कोरियोग्राफर,निर्देशन र मोडि्लङ गर्दै आएका प्रदिप कुमार रसाइलीले कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएकाछन् । उनले निर्देशन गरेका दर्जनौ गीत चर्चाका शिखरमा रहेका छन भने कति गीतले इतिहास समेत रचेकाछन् ।

नेपाली भाषाका गीत मात्र नभएर भोजपुरी , मैथेली गीतमा समेत कोरियोग्राफी, निर्देशन गर्दै आएका उनले नेपाली भाषा सहित तिनसयभन्दा बढी गितमा कोरियोग्राफर निर्देशन गरेकाछन् भने दर्जनौ गीतमा आफू स्वयमले मोडि्लङ समेत गरेका छन् । उनै लोकप्रिय कलाकार तथा निर्देशक पछिल्लो समयका व्यस्थ निर्देशक, कोरियोग्राफरका रुपमा चिन्छिन् ।

उनले निर्देशन कोरियोग्राफर गरेका गीत हेर्ने हो भने कति चर्चामा छन् कति युटुबको करोड कलब्मा समेत प्रबेश गरेकाछन् । उनै लोकप्रिय कलाकार तथा निर्देशक नेपाल सहित थुप्रै देश कतार,मलेसिया, दुबै, जापन हङ्कङ लगायत थुप्रै देशका कुनाकुनामा पुगेर स्टेज सो गर्दे दर्शकलाई नचाएकाछन् ।

उनै निर्देशक भाग्यलाई भन्दा कर्मलाई बिश्वास गर्ने गर्दछन् । त्यसैले कलाकारिता क्षेत्रमा लोमो समय संघर्ष गरेर आफुलाई स्थापित समेत गराइसकेकाछन् ।

# मस गाउँमा एक वर्षमै फल्यो विदेशी स्याउ

**ढोरपाटन–** ढोरपाटन उपत्यकाबाट निसेलढोर जाने बाटोमा पर्ने मस गाउँमा पछिल्लो किसानले प्रविधिको प्रयोग गरी व्यावसायिक स्याउ उत्पादन गर्न थालेका छन् । विदेशबाट स्याउका बिरुवा ल्याएर लगाउन थालेपछि मसमा एकै वर्षमा स्याउ उत्पादन हुन थालेको हो ।



सडकको बायाँपट्टी ठूलो क्षेत्रफलमा लटरम्म फलेका थरिथरी जातका स्याउले भरिएको बगान फलामे तारले घेरिएको छ । वर्षौंअघिदेखि मस गाउँमा रैथाने जातका स्याउखेती गरिँदै आए पनि अपेक्षित उत्पादन हुन नसकेपछि विदेशबाट बिरुवा ल्याएर लगाउन थालिएको हो ।

ढोरपाटन नगरपालिका-९ का होमलाल भुसालसहितको समूहले थालेको व्यावसायिक स्याउखेती अहिले यहाँका अन्य किसानको अध्ययन गर्ने थलोका रुपमा विकास हुँदै गएको छ । मस गाउँसहित ढोरपाटनको नवी, भूजी, स्यालपाखे, काङ, निसेलढोरको कुँडेलगायत ठाउँमा करिब डेढ दशकदेखि स्याउखेती थालिएकामा अहिले उत्पादनमा किसान केन्द्रित हुन दिन थालेका हुन् ।

अहिले गाउँका अन्य किसानले पनि नयाँ प्रविधिको प्रयोग गरि स्याउखेती गर्न थालेका छन् । पछिल्लो समय रैथाने खेती गर्ने किसानले पनि व्यावसायिक खेतीप्रति चासो दिन थालेका हुन् । ढोरपाटन-९ का होमलाल भुसालसहित चिरन घर्ती, कमानसिंह बुढा, झिरमती घर्ती, रुद्र घर्ती र चकेन्द्र घर्तीले सुरु गरेको स्याउ खेतीलाई जिल्लास्थित कृषि ज्ञान केन्द्रले पनि लगानी गरेको छ ।

उनीहरुले एक वर्ष अघि एक हजार तीन सय बिरुवा इटालीबाट ल्याएर लगाएका थिए । कृषि निर्देशनालयबाट ७५ प्रतिशत अनुदानमा बिरुवा पाउने भएपछि दुई वर्ष अघिदेखि स्याउखेती गर्न जग्गा भाँडामा लिएर सम्याउने काम गरेको होमलालले बताए ।

उहाँले बिरुवा लगाएको एक वर्षमा करिब एक लाख ५० हजार रुपैयाँको स्याउ उत्पादन भएको भन्दै अब केही दिनमा टिपेर बजार पठाउने जानकारी दिए । भुसालले भने, 'पोहोर असारमा लगाएको बिरुवाले अहिले फल दिएपछि हामी धेरै खुसी भएका छौँ, हामीले थालेको स्याउखेतीमा ज्ञान केन्द्रले पनि सहयोग गरेकाले सहज भएको छ । इटालीबाट बिरुवा आएको हो, यस वर्ष यति परिणाममा फल्ला भन्ने लागेको थिएन, अर्को साल धेरै फल्ने अपेक्षा गरेका छौँ ।'

किसान चिरनकुमार घर्तीले गाउँमा खाली रहेको जग्गालाई सदुपयोग गरी व्यावसायिक स्याउखेती थालेको बताए । हालसम्म व्यक्तिगत रुपमा २० लाख रुपैयाँ र कृषि ज्ञान केन्द्रको अनुदानसहित २७ लाख रुपैयाँ लगानी भएको उनको भनाइ छ ।

एक हजार तीन सय बिरुवा लगाएकामा करिब एक हजारले फल दिएको भन्दै अझै १० हजार बिरुवा लगाउने योजना रहेको घर्तीले जानकारी दिए । सामूहिक रुपमा करिब एक सय रोपनी जग्गा भाँडामा लिएर उत्तरगङ्गा अर्गानिक एग्रो प्रालि दर्ता गरेर खेती सुरु गरेको उनले उल्लेख गरे ।

'रोजगारीका लागि विदेश जाँदा पनि दुःख गर्नुपर्छ, स्वदेशमा स्वरोजगारका अवसर सिर्जना गरी मेहनत गर्दा प्रशस्त खाम्दानी गर्न सकिन्छ । अहिले एक सय रोपनीमा १० हजार स्याउ फलाउने गरी काम गरिरहेका छौँ', उनले भने, 'छ जनाको समूहबाट काम थालेका छौँ, अब प्राविधिक ज्ञान सिक्न बाँकी छ ।'

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले मस गाउँमा इटालियन स्याउ उत्पादन हुने राम्रो हावापानी भएकाले किसानलाई प्रोत्साहन गरी व्यावसायिक बनाउन थालिएको बताए । कृषि निर्देशनालयले इटालीबाट ल्याएको गोल्डेन, गाला, फूजी र रेड जातको स्याउका बिरुवा सहयोग गरेको भन्दै केन्द्रले स्याउलाई आवश्यक पर्ने प्राविधिक ज्ञान, मल, सिँचाइलगायतमा सहयोग गरेको उनले जानकारी दिए ।

केन्द्रले यहाँ चाहिने आवश्यक प्राविधिक सहयोगसमेत निरन्तर गर्दै जाने प्रमुख सिलवालले बताए । परीक्षणका लागि लगाइएको स्याउ राम्रो फलेपछि थप बिरुवा सहयोग गर्दै जाने उनले

# सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन सिफारिस

काठमाडौं- व्यवसायी ज्ञानेन्द्रलाल प्रधानले गैरकानुनी गतिविधि मार्फत २६ करोड भन्दा धेरै सम्पत्ति आर्जन गरेको भन्दै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मुद्दा चलाउन जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौँ समक्ष सिफारिस गरेको छ ।

सेयरको भित्री चलखेल (इन्साइडर ट्रेडिङ)मा संलग्न भएर उनले गैरकानुनी सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण गरेको अनुसन्धानमा देखिएपछि मुद्दा चलाउन विभागले सिफारिस गरेको हो ।

विभागले करिब एक वर्ष लगाएर गरेको अनुसन्धानमा व्यवसायी प्रधानले नेपाल हाइड्रो डेभलपर लिमिटेडको अध्यक्ष रहँदा आफ्ना परिवारको नाममा सेयर खरिदबिक्री गर्दै गैरकानुनी रूपमा रकम आर्जन गरेको देखिएको छ ।

विभागले करिब एक सय पृष्ठमा अध्ययन प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदनमा उनले २६ करोड ३३ लाख ५६ हजार ५ सय ५७ हजार रकम गैरकानुनी रूपमा आर्जन गरेको दाबी गर्दै विभागले सोही बराबर बिगो र जरिवाना माग गर्नुपर्ने सिफारिस गरेको छ ।

विभागले यो कार्यमा संलग्न भएको भन्दै प्रधान छोरा चेतन प्रधान, श्रीमती विमला श्रेष्ठ प्रधान र छोरी निभिता प्रधानलाई पनि प्रतिवादी बनाउन सिफारिस गरेको छ ।

दोस्रो बजारमा नेपाल हाइड्रो डेभलपरमा पटक पटक गरी सेयर अलग भएको परिवारको नाममा हस्तान्तरण गरिएको देखिएको र त्यसबाट धितोपत्र बोर्ड ऐन विपरीतको कार्य गर्दै सम्पत्ति शुद्धीकरणको कार्य समेत गरेको विभागको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

प्रधानले आफू अध्यक्ष रहेको कम्पनीको सेयर घरायसी नामसारी गरी तत्काल विक्री गरी इन्साइडर ट्रेडिङ गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै प्रधानको परिवारविरुद्ध जिल्ला अदालत काठमाडौँमा नेपाल धितोपत्र बोर्डले पनि २०८० वैशाखमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दा हाल विचाराधीन रहेको छ । जिल्ला सरकारी वकिल कार्यालयमा एक दुई दिनअघि फाइल प्राप्त भएको र अहिले फाइल अध्ययन चलिरहेको छ । सेयर किनबेचको कुरा प्राविधिक भएको र सम्पत्ति शुद्धीकरण नै प्राविधिक विषय भएकाले केही अध्ययन चलिरहेको र अपुग भएका कुरा माग गरेर जिल्ला अदालतमा मुद्दा दायर गर्ने जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ ।

पृष्ठ ३ बाट जारी
मन्थलीमा उद्योग...

कार्यक्रममा कार्यालय प्रमुख सुवोध कुमार शाह कर्मयोगि, रावावैक,कृषि विकास वैंक र करदाता कार्यालयका प्रमुख समेतले अर्न्तरक्रियामा उठेका कुराको वारेमा जवाफ दिनु भएको थियो ।

त्यसैगरि मंगलवार कार्यालयले जिल्ला प्रशासन कार्यालय रामेछापको सभाहलमा आयोजित सबैखाले सरोकारवाला हरुको रोहवरमा आयोजित कार्यक्रममा जिल्लाको वजारहरुको अवस्था र वजार अनुगमन र त्यसको प्रगति र सुधारात्मक अवस्थाका बारेमा पनि जानकारी गराईएको थियो ।

कार्यक्रमका अवसरमा आव ०८१/०८२ जिल्लाको वजार अनुगमन र सो को बार्षिक कार्ययोजना मस्योंदा माथि पनि ब्यापक छलफल पछि । कार्ययोजनाको समेत अनुमोदन गरिएको थियो । कार्यक्रम निमित्त प्रजिअ किसान न्यौपानेको प्रमुख आतिथ्यतामा भएको थियो ।

## अन्तराष्ट्रिय

# इजरायलले आक्रमण गर्दा सिरियामा १४ जनाको मृत्यु



**दमास्कस–** इजरायली सेनाले सिरियाको हामा प्रान्तको मस्याफ सहरमा गरेको आक्रमणमा कम्तीमा १४ जनाको ज्यान गएको छ । सिरियाली सरकारी सञ्चारमाध्यमका अनुसार आक्रमणमा ४३ जना घाइते भएका छन् ।

सरकारी समाचार संस्था सानाका अनुसार मस्याफ आसपासका विभिन्न स्थानमा इजरायलले आइतबार राति आक्रमण गरेको हो । यसअघि घटनामा पाँच जनाको ज्यान गएको र १९ जना घाइते भएका जनाइएको थियो ।

'इजरायली सेनाले शनिबार राति ११ बजेर २० मिनेटमा उत्तरपश्चिमी क्षेत्रमा विभिन्न सैन्य अखडालाई लक्षित गरी हवाई आक्रण गरेको छ,' सैनिक स्रोतलाई उद्धृत गर्दै सानाले जनाएको छ । आक्रमणबारे इजरायली सेनाले भने कुनै प्रतिक्रिया जनाइसकेको छैन ।

इजरायलले पछिल्लो समय छिमेकी देशमा बसेर इजरायलमाथि आक्रमण गर्ने विभिन्न समूहविरुद्ध कारबाही तीव्र पार्दै गएको छ । गत अक्टोबर ७ मा प्यालेस्टिनी इस्लामिक समूह हमासले दक्षिणी इजरायलमा गरेको आक्रमणपछि गाजामा सक्रिय सैन्य कारबाही सुरू गरेको थियो ।

त्यसयता इजरायलले गाजामा गरेका आक्रमणमा करिब ४१ हजार प्यालेस्टिनीको ज्यान गइसकेको छ । गाजास्थित हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार मारिनेमा अधिकांश महिला र बालबालिका छन् ।

इजरायलले पछिल्लो समय लेबनान र यमनमा रहेको विद्रोही समूहलाई लक्षित गरी हवाई आक्रमण गर्दै आएको छ । केही समयअघि लेबनानमा गरेको हवाई आक्रमणमा हमाससँग निकट लेवनानी हेजबुल्लाह समूहका सैन्य शाखा कमाण्डर मारिएका थिए ।

त्यस्तै इरानमा मारिएका हमास नेता इस्माइल हानियाको मृत्युका लागि इजरायलको जिम्मेबार रहेको इरान र हमासले दाबी गर्दै आएका छन् । यद्यपि, हानियाको हत्यामा आफ्नो संलग्नताबारे भने इजरायलले

# भेनेजुयलाका राष्ट्रपति मदुरोका प्रतिस्पर्धीले स्पेनमा



**बार्सिलोना/काराकास–** राजनीतिक तनाव बढेसँगै देश छाडेर भागेका भेनेजुयलाका राष्ट्रपतीय उम्मेदवार एडमन्डो गोन्जालेजले स्पेनमा शरण लिएका छन् । गत जुलाइ २८ मा भएको राष्ट्रपतीय निर्वाचनपछि उत्पन्न तनावबीच गोन्जालेजलाई सरकारले पक्राउ पुर्जी जारी गरेको थियो ।

त्यसयता उनी लुकेर बसिरहेका थिए । चुनावमा सरकारले नेसनल इलेक्टोरल काउन्सिल (सीएनई) लाई नियन्त्रणमा लिएर निकोलस मदुरोलाई निर्वाचित भएको घोषणा गरेको थियो ।


भेनेजुयलाका उपराष्ट्रपति डेल्सी रोड्रिगेजले सामाजिक सञ्जालमार्फत गोन्जालेजले केही दिनअघि स्वेच्छिक निर्वासनका लागि काराकासस्थित स्पेनी दूतावासमा आग्रह गरेको दाबी गरेकी छन् । तर बीबीसीका अनुसार गोन्जालेजले भने स्पेनी सरकारलाई राजनीतिक शरण मागेका हुन् ।

स्पेनका विदेशमन्त्री जोसे मानुयल अल्बारेसले गोन्जालेजले आफ्नो आग्रहमा स्पेनी हवाई सेनाको विमानमा भेनेजुयला छाडेको बताएका छन् । एल पाइस अखबारका अनुसार गोन्जालेजले स्पेनमा राजनीतिक शरण लिएका हुन् । उनका वकिलले एएफपी समाचार संस्थासँग गोन्जालेजले देश छाडेको पुष्टि गरेका छन् ।

गोन्जालेजले देश छाड्ने बेला काराकासस्थित अर्जेन्टिनाको दूतावास वरपरको क्षेत्रमा सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो । उक्त दूतावासमा राष्ट्रपति मदुरोका चार जना प्रतिस्पर्धीले शरण लिइरहेका छन् ।

गत जुलाईमा भएको राष्ट्रपतीय चुनावपछि भेनेजुलयामा राजनीतिक संकट गहिरिएको छ । विपक्षी दलले राष्ट्रपतिमा गोन्जालेज विजयी भएको र त्यसको आफूहरूसँग प्रमाण रहेको बताउँदै आएका छन् । अमेरिका, युरोपेली संघ र कतिपय ल्याटिन अमेरिकी देशले विस्तृत विवरण सार्वजनिक नगरिएको चुनावको नतिजा अस्वीकार गर्दै आएका छन् ।

मदुरो नेतृत्वको सरकारले चुनावयता मात्रै २ हजार ४ सय जनालाई नियन्त्रणमा लिइसकेको छ ।



# आमा र मामा

**शारदा पराजुली**

म आमाको अनुहारमा मामाको छायाँ देख्छु । मेरी दिदी भन्दै हुनुहुन्थ्यो मामाको अनुहारमा आमाको छायाँ देख्छु । दिदी र मेरो अनुहार मिले पनि उन्को र मेरो मत मिलेन । म आमा संग छु ,उनी मामा संग । म आमालाई मामा जस्तै देख्छु उनी मामालाई आमा जस्तो देख्छिन् अरे । दुई चार जना उभिएको ठाँउमा हामी दुई दिदी बहिनीको खुबै संवाद हुन्छ ।

हरीया पातले ढाकेका रुख त्यसमा पनि रुख र पात कानेखुसी गरेर निर्णय दिन नसकेका ती हरिया पातहरुले सुनेका हाम्रो संवाद निशब्द थियो । जङ्गलै जङ्गलले कोसकै आधारमा प्रकृतिको छानो त्यसमा पनि अलि खाल्टोमा पर्ने हाम्रो घर जँहा मामा र आमाको अर्थ बुझ्उन सकस पऱ्यो । जब दिदी वहिनी भेट हुन्छ तब बिवादमा रुमालिन्छ । एकदिन मामा आँखामा ठूला ठूला गोलो गोलो परेको चस्मा लगाएर आगनमा टुप्लुक्क आउनु भयो ।

दिदी र म घाँसको भारी बोके' हुनेखाने र हुदा खानेमा विभेदको अन्त्य कसरी गर्ने भन्ने योजना बनाउदै भएर होला सायद हातमा भएका किताबका ठेलिले त्यही संकेत गर्दथ्यो । मामाको गम्भिर अनुहारमा आमाको सुनौला सपनाको चाङ्ग लाग्दथ्यो । आमा भन्नुहुन्यो मामाको सपनाको भागिदारौ नानी । मामाको लामो लामो सुस्केरा भित्र हजारौ आमाको सपना टुसाउन भ्याएका थिए ।

त्यसैले त आमा मामाको गम्भिरतामा सुशासनको फुल देख्नुहुन्यो । औंलामा गन्न सकिने सिमित मानिसहरुको व्यवस्थामा रुमालिएको हाम्रो देश, चाकडिवाद ,जातिय विभेद, अन्याय अत्याचार र थिचोमिचो लाई नजिकबाट नियाल्ने अबसर आफु शिक्षक हुदा पाएको अनुभव आमा संग बताउदै हुनुहुन्थ्यो ।

योजनाले थकित भएको मलिनो अनुहारमा आमाको छेउमा आएर हातको गरुङ्गो झोला थमाउदै लामो सुस्केरा हाल्दै हाम्रो सुशासन कहिले आउला ? पिडिको छेउमा थचक्क बस्नुहुन्थ्यो धैर्य गनु' नराख्नु ढिडो फाडो जे छ छोरा छोरीको पेट भोको नराख्नु , घरमा आउने आफन्तलाई बिमुख नपठाउनु , धैर्यता हाम्रो आधार हो सधै जगाउनु मामा यति भन्दै तगारोमा पुग्नुभयो आमा पछि पछि जानु भयो । निशब्दमा हस् टाउकोले संकेत गर्दै देखुन्जेल हेर्नु भयो ।

किन किन आमाको अरु दिन झै खुसि भएको थिएन अनुहार । मामाको नाम लिएर आमाकोमा आधार बनाएर परिर्वतनको संकल्प गर्नेहरु आमा तिमी सबथोक हौ भन्न भ्याउथे मेरी आमालाई हो जस्तो लाग्यो । आफुले लगाएको गुनियू उनीहरुको लाज ढाक्नमा प्रयोग गर्नु हुन्थ्यो । खोले पाक्दै गरेको घरमा छोराछोरीको भोक भन्दा उनीहरुको पेट प्राथमिकमा परे । जो आउछ आँखा नियाल्नु हुन्छ र भन्नु हुन्छ आज मेरो परिश्रमले भोलि तिमीहरुको गन्तव्य बन्यो भने जब मेरो साहरा बन्ने बेलामा सायद मलाई चिन्दैनौ होला है ? गम्भिरतामा मलिनो मुद्रामा सोध्नुभयो ।'

रीर लिएर आफु समेलिन , आफ्ना समेल्न , परिवार, घर , छरछिमेक, दाजुको उपदेश यबत कुरा समेल्दा पनि आएको ओठको हासो, सपनाको चाङ्ग, भोलि आउने शुविहानि, अपाङ्गो बनाइ गएको त्यो हातको उद्देश्य यी सबै कुराहरु सोच्न भ्याउने जात हो र छ आमा । मामा झन देश हाक्ने खुबी लिएर धर्तिमा पैदा हुनुभएको हुनसक्छ ।

सोचले पुगेन गर्नु पर्छ , कर्ममा विस्वास राख्ने परीवर्तनको सुरुवात आफै बाट गर्नु पर्छ भन्ने दिमागले कति सोच्न भ्ययो होला ? पुर्ण समय परिवर्तन आहुती दिने र निमुखाको बोलि विक्ने बनाउन आफ्नो सबै समय खर्चेर मन, बचन र कर्मले लाग्दै गर्दा म भन्दा हामी शब्द अङ्गाल्दै गर्दा म शब्द हराएको आफैलाइ पत्तो भएन छ । यही हामी भित्र देशका रङिगन सपना थिए, सुशासनका दर्बिला खम्बा थिए, खम्बालाई काध हाल्दै गर्दा आफ्नाले फेद काटिदिएछन् मामालाई पत्तै भएन । आमालाइ पत्तो भएको थियो ।

अ'भयो आमा जब मामाको आवश्यक पर्छ तब मेरो अनुहार नियाल्नु । म बन्ने छु तपाईको भरोसा । मामाले जति आधार दिने खुबिमा कमि होला व्यवहारमा हुने छैन । धुरीखाबो बिनाको घर तपाई कसरी कल्पना गर्न सक्नु हुन्छ ? मियो बिनाको दाइमा दयरेको कस्तो हालत होला, कसरी चुलाउने टौवाको मुली र बनाउने टौवा । फुल्दै



गरेका हजुरबुवाको ओठमाथिका जुँगा आफसे आफ एक एक गरी झर्न थाले ।

झरेका यी जुँगा देखेर हजुरबुवा दङ्ग पर्नुहुन्थ्यो । कसरी समाल्ने फेदै झरेका ती रौहरुलाई । देशको चिन्ता यकातिर परीवारको चिन्ता अर्को तिर । देश रोयो, योजनाहरु लथालिङ्ग भए, भरोसाको आधार टुऱ्यो । नरोएका मन साएदै होलान् । रुवाउन खोजेका होइनन् मामाले दुनयिालाई बोलाउन खोजेका हुन । कोहि बोलेनन्, सन्नाटाले छाएको अँध्यारो आकाश मुनि कहिल्यै बत्ति बलेन । माइजुको हास् हरायो, दिदीको आखा ओभाएको मैले कहिल्यै देखिन ।

दाजुहरु अनुहार फुङ्ग गरेर हिडेको देख्न मेरी आमाको मन कहिल्यै खुसि भएन । आखिर मामाको समाधान आमा संग थिएन । नओभाएको आँखा कुडिएको मन दाईहरुका सेता दाँत कहिले देख्न पाउछु र ओसीएको मन सुकाउला भन्दा भन्दै आज सम्म आइपुगे । ओसाएर टुसाएका पालुवाहरु ओसीलोले कुहिदै टुसाउदै गरे । तापले भन्दा ओसले खाएको मन सुकाउने र ओभाउने कुनै यस्तो चिज बनेन । आमा सधै मामाको हत्केलाको छहारी बन्न हर तरहले कोसीस गर्नुहुन्छ कसरी सफल हुने ? आफ्नो टाउकामा हत्केलाको ओत लाउन सक्ने खुबि नभएकी आमाले कसरी ढाकुन मामाको छाँया ? अनबरत कोसीस गर्नुहुन्छ ।

जब दाइहरु घर आउनुहुन्छ तब आमाले मामा देख्नु हुन्छ रे । मामाको प्रतिबिम्बत भाइहरु आउदा आमाले मामाले सिकाए झै अनुहार नियाल्नु हुन्छ रे । ओठ भित्र छिपेका ति सेता दाँत जब सम्म देखिदैन तब सम्म आफ्नो मन शान्त गर्न सक्नुहुन्न रे । अपेक्षा गर्नुहुन्छ रे ति सेता दाँत छिटो देखियोस् ।

## "पल्लो गाउँ" सिरियललाई बन्द गरेर रुपकराज बिश्वले ल्याए "बासुदेब" सिरियल

**काठमाडौं–** पछिल्लो समय दर्शकले रुचाइदिएका "पल्लो गाउ" सिरियललाई बन्द गरेर निर्देश तथा कलाकार रुपकराज बिश्वले नयाँ सिरियल "बासुदेब" बजारमा ल्याएकाछन् ।

उक्त सिरिय छोटो समयमै दर्शकले मन पराउना थालिसकेकाछन् । नारिको कथालाई लियर निर्माण गरिएको "बासुदेब" सिरियल नेपाली समाजमा रहेका बिबिध पक्षहरुलाई समय र परिस्थिति अनुसार गम्भीर तथा शन्देस मुलक तरिकाले रुपकराज बिश्वले निर्देशन गर्दे आएकाछन् ।




बिगत लामो समयदेखि कलाकारिता क्षेत्रमा लागेका रुपक राज बिश्ले समाजमा रहेका समासामुहिक बिषय बस्तुमा आधारित नारी जीवनको कथालाई लिएरे "बासुदेब" सिरियल निर्माण गरेका हुन् । "पल्लो गाउँ" सिरियल भाग १ बाट ५२ सम्मा निर्देश गर्दे आएका कलाकार रुपकराज बिश्वले "पल्लो गाउँ" सिरियललाई बन्द गरेर फरक कथा बस्तु र फरक ढङगबाट "बासुदेब " सिरियललाई अगाडी बढाउदैछन् । "बासुदेब" सिरियललाई समग्र दर्शकमाझ पुर्याई ब्राण्ड बनाउने उनले योजना बनाएकाछन् ।

बिगत लामो समयदेखि कलाकारिता क्षेत्रमा संर्घर्ष गदै आएका रुपकराज बिश्वले कलाकारारिता क्षेत्रमा रहर बोकेका थुप्रै नव प्रतिभालाई स्थान दिएकाछन् भने पुराना कलाकारसँग सह-कार्य गर्दे आएकाछन् ।

समाजमा भएका यर्थाता घटनालाई सकारात्मक शन्देश दिदै आएको "बासुदेब" सिरियल (ब द्य च इाास्अर्बा ःभमष्ब) युटुब च्यानलबाट ५ भाग प्रशारण भइसकेको छ । भने सिरियले आम दर्शक स्रोताको माया पाउन सफल भएको छ ।

रुपकराज बिश्वको लेख्न,निर्देशनमा बनेका "बासुदेब" सिरियलमा सागर गौतमले छायाँकन गरेकाछन् । उक्त सिरियलमा थुप्रै कलाकार हरुको अभिनय फरक,फरक तरिकाले आर्कर्षित रुपमा देख्न सकिन्छ । मेन क्यारेक्टरको भुमिकामा राजु सिंङ (डेन्जर दादा) र रुपकराज बिश्व रहेका छन् भने कलाकारहरु नारायण घिमिरे, राजु सिंङ (डेन्जर दादा), रुपका राज विश्व, एनबी , सरिता मगर, कमला केसी, गंगा मैनाली, गीतु मगरणी, कमला घिमिरे, रिया घिमिरे लगायत कलाकारहरुको अभिनय शशक्त रुपमा देख्न सकिन्छ ।

समग्रमा यो सिरियल हेर्दा धेरै मेहनतका साथ कलाकारहरुको अभिनय र उत्तिकै मेनहनती निर्देशक तथा कथा लेख्नको भुमिका देख्न

## "कार्साङ्" फिल्मको प्रदर्शन मिति घोषणा

**काठमाडौं–** शेर्पा संस्कृतिमा आधारित फिल्म "कार्साङ्" प्रदर्शन मिति घोषणा गरिएको छ।

निर्माताले बुधबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै रिलिज मिति घोषणा गरेका हुन्। यम शेर्पाको निर्देशन रहेको यो फिल्म पुस २६ गते रिलिज हुनेछ।

सार्वजनिक फर्स्टलुकमा फिल्मका शीर्ष दुई कलाकार दयाहाङ राई र सिर्जना निङ्लेकु छन्। घरको पृष्ठभूमिमा दयाहाङ सुरूवाल मात्र लगाएर उभिएका छन्। हिलो लागेको सुरूवालमा रहेकान उनी कसैसँग झगडा गरेको देखिन्छ। उनको श्रीमतीको भूमिकामा रहेकी सिर्जना छेउमा रोइरहेकी छन्।




निर्देशक शेर्पा स्वयंको पटकथा र संवाद रहेको यो फिल्ममा दयाहाङ र सिर्जनासँगै जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, रविन्द्र झा, प्रेम लोप्चन, डोमा ह्योल्मो, सृष्टि गौतम, छोकी शेर्पा, सुरवीर पण्डित र कर्मा शेर्पाको अभिनय छ। बाल कलाकारमा राशि लिम्बू र सोहन थापाले अभिनय गरेका छन्।

यो फिल्मको छायांकन अघिल्लो हप्ता मात्रै छायांकन सकिएको थियो। फिल्मलाई सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका, भोटेकोसी गाउँपालिका क्षेत्रमा खिचिएको छ।

यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्सको प्रस्तुतिमा निर्माण भएको फिल्मलाई पुरूषोत्तम प्रधानले खिचेका हुन्। प्रधान फिल्मका निर्माता समेत हुन्।

गोविन्द बोहरा सह-निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा

## बागलुङमा सुरू भयो 'वसन्त' को छायांकन



**काठमाडौं–** गायक एवं अभिनेता प्रकाश सपुतको फिल्म "वसन्त" को शुभमुहूर्त गरिएको छ ।

सपुतको गृहजिल्ला बागलुङमा शुभसाइत पूजा गरिएसँगै फिल्मको छायांकन पनि सुरू भएको छ। बिहान शान्ति पदयात्रा सहित त्यहाँको कालिका भगवती मन्दिरमा शुभसाइत पूजा गरिएको थियो। जहाँ प्रकाश सपुतसहित अभिनेत्री स्वस्तिमा खड्का, फिल्मका अन्य कलाकार र प्राविधिकहरू सहभागी रहे।

फिल्मको छायांकन झन्डै एक महिना चल्ने जनाइएको छ। गलबन्दी प्रोडक्सनको प्रस्तुति रहेको फिल्ममा प्रकाश र स्वस्तिमासहित प्रभात पाल ठकुरी, खड्कबहादुर पुन (खबपु), शिभान्सी श्री, अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे लगायतको अभिनय रहनेछ।

प्रकाशको डेब्यु निर्देशनमा तयार हुन लागेको फिल्ममा कथा र संगीत पनि उनकै रहनेछ। कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नाना थकाली छन्। मुख्य सह-निर्देशन सुनिल विकको रहनेछ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ८, २०८१ साल भदौ २५ गते मंगलबार (Sep 10, 2024)

# टिभिएस नेपालद्वारा "नयाँ युगको आरम्भ"




**काठमाडौं–** नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले चाडपर्वलाई मध्यनजर गर्दै "नयाँ युगको आरम्भ" नामको विशेष योजना सार्वजनिक गरेको छ। यो योजना अन्तर्गत ग्राहकले टिभिएसको मोटरसाइकल र स्कुटर खरिद गर्दा रु. १० लाख सम्म जित्ने मौका प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

योजना भाद्र गतेबाट देशभर सीमित समयावधिका लागि उपलब्ध हुनेछ। नयाँ युगको आरम्भ" योजना अन्तर्गतwww.tvsnepal.com/dashaiले, मा गएर नकिन्दै पाँच लाख सम्म जित्ने मौका र खरिद गरेपछि दस लाख सम्म जित्ने मौका रहेको छ। र हरेक सप्ताह १०० प्रतिशत क्याश ब्याक जित्ने अवसर पनि रहेको कम्पनीले जानकारी दिएको छ।

यस कम्पनीले जीवनभरको लागि वारेन्टीका साथ पुरानो बाइक वा स्कुटरको सट्टामा अन द स्पट एक्सचेन्ज सुविधा, ग्यारेन्टर बिनाको इजि फाइनान्स उपलब्ध गराउने बताएको छ। साथै, टिभिएसका ग्राहकहरूलाई एओजी र एनओजी समुदायमार्फत सदस्यताको नयाँ अनुभव प्रदान गरिनेछ। थप रूपमा, टिभिएसले "मेरो साथी" एप मार्फत बुकिङ सेवाहरू, स्पेयर पार्ट्स अर्डर गर्नेदेखि लिएर टिभिएससँग जोडिन र विशेष अफरहरू बारे सूचना प्रदान गर्ने सम्पूर्ण सुविधाहरू उपलब्ध गराउने जानकारी पनि दिएको छ।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टीभीएसका दूई पांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो। कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टीभीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ।

गुणस्तरीय उत्पादनहरु, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ।

# निसानले ल्यायो "निसान फेस्टिभ डिल"




**काठमाडौं–** निसान म्यागनाइट -एक बिग, बोल्ड, ब्युटिफुल र कारिजम्याटिक एसयुभि नेपाली बजारको एक लोकप्रिय र उत्कृष्ट कार हो जसमा राम्रो रिसेल भ्यालु र क्लास-लिडिङ सुविधाहरू रहेका छन्।

निसान म्याग्नाइटको खरिदमा, फेस्टिभ डिल अन्तर्गतको सुविधाहरूका साथै ८०५ सम्म सहज फाइनान्सिङ, र ६ वर्षसम्म 'नो रनिङ कस्ट' को मजा लिन सक्नेछन्।

त्यसैगरी, निसान एक्स-ट्रेल अझै बिगर र बोल्डर इलेक्ट्रिक एसयुभि हो जसले मस्कुलर स्टाइलिङ, शक्तिशाली पर्फमेन्स र, उच्चस्तरको प्रविधिको साथ पारिवारिङ एडभेन्चर र घुमघामका लागि आरामदायी र उपयुक्त सुविधा प्रदान गर्दछ। निसान एक्स-ट्रेलको खरिद गर्दा ग्राहकहरूले फेस्टिभ डिल योजनाका सबै लाभहरू प्राप्त गर्दै १८ वर्षसम्म 'नो रनिङ कस्ट'को मज्जा लिन सक्नेछन्।

यो योजना अवधिभर विभिन्न मोडलका गाडीहरू उत्कृष्ट मूल्यमा सहज फाइनान्सिङ र विशेष छुटका साथ खरिद गर्न सकिनेछ। यी सुविधाहरूमा केही सर्तहरू लागू हुनेछन्।

पायोनियर मोटो कर्प यस योजना अवधिभर दिइने विभिन्न नि:शुल्क सुविधाहरूले चाडपर्वको समयलाई थप उत्सवमय बनाउने विश्वास राख्दछ र सम्पूर्ण ग्राहकहरूलाई नजिकको निसान सोरुमा भिजिट गरी यो नयाँ योजनाका छुट तथा सुविधाहरूको मज्जा लिन आह्वान गर्दछ।

# चिनियाँ कम्पनी चेरीले बेलायतमा कार निर्माण गर्ने

चिनियाँ कार कम्पनी चेरीले बेलायतमा कार निर्माण गर्ने सम्भावनालाई नियालिरहेको छ। कम्पनीका एक वरिष्ठ कार्यकारीलाई उद्धृत गर्दै बीबीसीले उल्लेख गरेको छ।

कम्पनीका बेलायत प्रमुख भिक्टर झाङले अन्तिम निर्णय गर्नका लागि कम्पनीले समय पर्खिरहेको बताए।

स्पेनमा कार निर्माण गर्ने तयारी गरिरहेको चेरीले युरोपेली बजारमा स्थानीयकृत उत्पादनलाई बढावा दिन चाहिरहेको उनले बताए। झाङले कम्पनीको निर्यातलाई अनुचित अनुदानबाट फाइदा भएको भन्ने कुरालाई अस्वीकार गरे।

युरोपमा बिक्रीका लागि ल्याइने कारहरू हाल पूर्वी चीनको वुहुमा रहेको चेरीको मुख्य कारखानामा निर्माण गरिन्छन्। तर छिट्टै यो अवस्था परिवर्तन हुने अपेक्षा गरिएको छ।

स्पेनमा कार निर्माण गर्नका लागि चेरीले इभी मोटर्ससँग सम्झौता गरिसकेको छ। जसअन्तर्गत बार्सिलोनास्थित यसअघिको निसान फ्याक्ट्रीमा चरीका ओमोडा र जाइको निर्माण हुनेछन्।

यससँगै चेरीले अन्य स्थानमा पनि कारखाना खोल्ने योजना अघि सारेको हो। यस वर्षको सुरुमा कम्पनीले बेलायत पनि कारखाना खोल्नका लागि विकल्प हुन सक्ने बताएको थियो। सोही विकल्पलाई कम्पनीले आत्मसाथ गर्ने भएको छ।

'बार्सिलोनाका लागि हामी कटिबद्ध भइसकेका छौँ,' झाङले भने, 'बेलायतका लागि पनि हामीले अध्ययन गरिरहेका छौँ। साच्चै भन्ने हो भने हामी सबै विकल्प र अवसरहरूका लागि खुला छौँ।'

सन् १९९७ मा स्थापना भएको चेरी चीनको सबैभन्दा ठूला कार कम्पनीमध्येको एक हो। चेरी चीनको सबैभन्दा ठूलो सवारी साधन निर्यातकर्ता हो। उसले यसलाई अझ विस्तार गर्ने महत्वाकांक्षी योजनाहरू अघि सारेको छ।

उक्त योजनालाई अगाडि बढाउन चरीले अन्तर्राष्ट्रिय बजारमा पूर्ण रूपमा केन्द्रित दुई नयाँ ब्रान्डहरू ओमोडा र जाइको स्थापना गरेको छ।




गत महिना ओमोडा आधिकारिक रूपमा बेलायतमा सार्वजनिक गरिएको थियो। कम्पनीले मुख्य एसयूभीको रुपमा रहेको ओमोडा ५ लाई इलेक्ट्रिक र पेट्रोलबाट चल्ने दुवै संस्करणमा बेच्न थालेको छ।

कम्पनीले बेलायतमा ६० डिलरसिपहरूको नेटवर्क निर्माण गरेको छ भने वर्षको अन्त्यसम्म १०० भन्दा बढी पुग्ने आशा राखेको छ।

विश्वको सबैभन्दा ठूलो इलेक्ट्रिक कार निर्माताको उपाधिका लागि टेस्लासँग प्रतिस्पर्धा गरिरहेको बीवाइडीले पनि बेलायत दर्जनौँ डिलरसिपहरू खोलेको छ।

साइक पनि यसअघि नै बेलायतमा स्थापित कम्पनी हो, जसले क्लासिक ब्रिटिश एमजी मार्क अन्तर्गत कारहरू बिक्री गर्दै आइरहेको छ।

# इभी हाउस ब्राण्डको ह्याचब्याक नेपाल आउँदै



**काठमाडौं–** नेपाली अटो बजारमा अर्को ह्याचब्याक विद्युतीय गाडीको इन्ट्री हुने भएको छ। सरिफ ट्रेडिङ कम्पनीले इलेक्ट्रिक हाउस(इभी हाउस) ब्रान्डको उक्त गाडी नेपाली बजारमा ल्याउन लागेको हो।

कम्पनीले सो गाडी भन्सार पास गर्न अधिकतम खुद्रा मूल्य २८ लाख ३८ हजार २७८ रुपैयाँ तोकेको छ। यसमा ३५ किलोवाट क्षमताको मोटर उपलब्ध छ। गाडीमा ३२.५६ किलोवाट आवर(युनिट) क्षमताको ब्याट्री राखिएको छ। यसले एक पटकको फुल चार्जमा ३०२ किलोमिटरको दुरी पार गर्न सक्ने कम्पनीको दावी छ।

यो गाडी ३.७ मिटर लम्बाइको ५ डोर फोर सिटर हो। यसमा ह्वीलबेस २.५ मिटर र १५ इन्चको डिअल टोन एलोय ह्वील छ। १० इन्चको सेन्ट्रल कन्ट्रोल स्क्रिन र ७ इन्चको एलसीडी इन्स्ट्रुमेन्ट प्यानेल छ।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अध्याँरा कुना काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार